जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब ३१ दिन बाँकी

वर्ष २७ •अंक २४५ •२०८२ साल माघ १९ गते सोमबार (2 February, Monday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## भारतले नेपाललाई १२ अर्बभन्दा बढी अनुदान दिइने



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाललाई भारत सरकारले आगामी आर्थिक वर्षमा सात सय करोड भारतीय रुपैयाँ अर्थात करिब १२ अर्बभन्दा बढी नेपाली रुपैयाँ बराबरको अनुदान दिने भएको छ।

भारतको आर्थिक वर्ष सन् २०२६/०२७ का लागि आइतबार भारतीय अर्थमन्त्री निर्मला सीतारमणले संसद्मा प्रस्तुत गरेको वार्षिक बजेटमा नेपाललाई १२ अर्ब ८० करोड नेपाली रुपैयाँ अनुदान दिने उल्लेख गरिएको छ।

चालु आर्थिक वर्षमा भारतले नेपाललाई भारतीय रुपैयाँ ७ सय ३० करोड रुपैयाँ उपलब्ध गराउने संशोधित अनुमान छ।

मुलुकमध्ये भारतले सबैभन्दा बढी भुटानलाई २ हजार २ सय ८८ करोड भारतीय रुपैयाँ अनुदान उपलब्ध गराउने जनाएको छ। पाकिस्तानबाहेक सबै दक्षिण एशियाली मुलुकलाई भारतले अनुदान दिँदै आएको छ।

## धनुषा- ४: यादव र महासेठबीच प्रतिस्पर्धा

# घण्टी, तारा र छाता निर्णायक, कस्सिएको कांग्रेस

**सुभाष कर्ण**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभाको चुनावमा धनुषाको निर्वाचन क्षेत्र नम्बर ४ बाट स्वतन्त्र र दल गरी ३७ जना उम्मेदवार मैदानमा छन् । दलगत रुपमा १३ जना र स्वतन्त्रबाट २४ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालयको सूचनाबाट देखिन्छ।

कांग्रेसबाट निवर्तमान सह-महामन्त्री महेन्द यादव, एमालेबाट पार्टीका उपमहासचिव रघुवीर महासेठ, रास्वपाबाट राजकिशोर महतो, जसपा नेपालबाट ई. कृष्णचन्द साह, नेकपाबाट संजय कुमार महतो र जनमत पार्टीबाट इन्द्रजीत कुमार यादव दलगत उम्मेदवार छन्।

२४ जना स्वतन्त्र उम्मेदवार मध्ये अधिकांश डमी रहेका छन्। प्रतिस्पर्धामा रहेका उम्मेदवारहरुले सवारीसाधन, मतदान र मतगणना प्रतिनिधिलगायतको सुविधा स्वतन्त्र उम्मेदवारबाट प्राप्त गर्ने छन्। त्यसका लागि नै मधेशमा स्वतन्त्र उम्मेदवारको संख्या अत्यधिक हुने गरेको छ।

धनुषा- ४ मा गत चुनावमा एमालेका महासेठ र कांग्रेसका यादवबीच कडा प्रतिस्पर्धा भएको थियो। १ सय २४ झिनो मतान्तरले महासेठले जीत निकालेका थिए । कांग्रेसका यादव र एमालेका महासेठ फेरि चुनावी मैदानमा आमने सामने छन्। प्रतिस्पर्धा पनि यी दुई नेताबीच नै रहने सम्भावना छ ।

रास्वपाको बालेन कार्ड क्षेत्र नम्बर ४ मा पनि चल्ने छ। सो पार्टीका उम्मेदवार राजकिशोर महतो क र ख दुवै तर्फ लोकप्रियता बढाउँदै गएको छ। 'बालेनलाई प्रधानमन्त्री बनाउन हामी घण्टी छापमा मतदान गर्ने निर्णय गरेका छौं' जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १९ का मतदाता शत्रुधन साहले भने, विगतको हरेक चुनावमा एमालेलाई मत हालियो, यस पटक बालेनको घण्टीमा मतदान गर्नेछौं।



सो क्षेत्रको 'क' ठेठ मधेश र 'ख'मा मिश्रित मतदाता रहेका छन् । दुवै तर्फ बलियो संगठन भएको कांग्रेस पार्टी नै हो । तर प्रतिस्पर्धी दल नेकपा एमाले रहेको छ। विगतको चुनावमा कांग्रेसको अन्तरघातले महासेठ जित्ने गरेको एमालेबाट कांग्रेसमा फिरेका सन्तोष यादव बताउँछन् । 'संगठन कांग्रेसको बलियो रहे पनि आन्तरिक असन्तुष्टिको फाइदा महासेठले लिने गर्थे' उनले भने, यस पटक कांग्रेसमा असन्तुष्टि नरहेको र जित्ने जोशका साथ नेता, कार्यकर्ता होमिएका छन्।

जनता समाजवादी पार्टी(जसपा) नेपालका उम्मेदवार ई.कृष्णचन्द्र प्रसाद साहको व्यक्तित्वलाई मूल्यांकन गर्दै मतदाताहरु उनीप्रति आकर्षित हुन थालेका छन् । जसपा नेपालका नेता शत्रुधन यादवले जनाए अनुसार कांग्रेस र रास्वपाका उम्मेदवार सित प्रतिस्पर्धा रहेको छ। 'समय बाँकी छ, हामीले दुईलाई उछिन्नेर जित्ने निश्चित छ' उनले भने, मधेशको अधिकारका लागि लड्दै आएको दललाई यसपटक मतदाताहरुले आशीर्वाद दिने निश्चित छ।

नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का उम्मेदवार ई.सञ्जय कुमार महतोले आफ्नो पार्टीको मतलाई सुरक्षित राख्नका लागि जोडतोडका साथ लागेका छन्। 'क'को भन्दा 'ख' मा नेकपाको समर्थकहरु बढी रहेको बताइन्छ।

कांग्रेसको गढ र यादव जातिको बाहुल्यता रहेको क्षेत्र भए पनि गत निर्वाचनहरुमा आफ्नै पार्टीका नेताहरुको असन्तुष्टिले गर्दा यादव पराजित हुँदै आएका थिए। तर यस पटक अवस्था फेरिएको छ। विगतका ती असन्तुष्टि अन्त्य गर्न नेता यादवले पूर्वराष्ट्रपति डा. रामवरण यादवका छोरा चन्दमोहन यादवलाई समानुपातिकतर्फ मधेशी कोटाबाट एक नम्बरमै नाम राख्न लगाएका छन् ।

तीन पटक चुनाव जितेका एमाले उम्मेदवार महासेठपनि कमजोर छैनन् । अन्तिम समयमा मतदातालाई प्रभावित पार्न सक्ने अपार लक्ष्मीको शक्ति छ। तर उनीप्रति मतदाताहरुको आकर्षण यस पटक देखिएको छैन । महासेठसित असन्तुष्ट मतदाताहरुले क्षेत्रमा 'परिवर्तन' को नारा दिएका छन् । विगत चुनावमा ढिला गरी उम्मेदवारको पक्षमा खुल्ने मतदाताहरु भने यस पटक बालेनको घण्टी बजाउन थालिसकेका छन्। त्यसले महासेठलाई सर्वाधिक क्षति पुऱ्याउने बताइन्छ।

एमालेका नेता महेश बस्नेतले मधेशी भनेर सामुदायिक रुपमा होच्याउने गरी दिएका अभिव्यक्ति र पार्टी अध्यक्ष केपी शर्मा ओलीले धनुषा महोत्तरीलाई फोहोर शहरको रुपमा दिएको अभिव्यक्ति, भदौ २३ र २४ गते जेन- जी घटनाले एमालेप्रति देखाएको वितृष्णाको प्रभाव र श्रीमान-श्रीमती दुबै उम्मेदवार हुने परिवारवादको आरोपसहितका दुर्बल पक्षले महासेठलाई चुनावी परिणाममा असर पार्ने व्यापक सम्भावना छ।

धनुषा-४ मा बटेश्वर गाउँपालिका र लक्ष्मीनिया गाउँपालिका, मिथिला नगरपालिकाको ४ नम्बर बाहेक सबै वडा, क्षिरेश्वरनाथ नगरपालिकाका ८ र ९ बाहेक सबै वडा, मिथिला विहारी नगरपालिकाका १, ३, ४ र ५ बाहेक अन्य वडा तथा जनकपुरधाम उपमहानगरपालिकाका ९, १३, १४, १९, २१ र २२ वडा पर्छन्। सो क्षेत्रमा कुल ४२ वडा रहेका छन्।

कांग्रेसका मतदाताहरु हल्लिएको छैन । उत्तरी भेगमा एमालेका मतदाताहरुले घण्टी बजाउन थालेका छन्।




# स्वास्थ्य बीमाको ओपीडी रकम घटाइयो




**टुडे समाचारदाता**

जनकपुरधाम। स्वास्थ्य बीमा बोर्डले ओपीडीको स्वास्थ्य बिमा रकम २५ हजार रुपैयामा झारेको छ। अब बहिरंग (ओपीडी) मा स्वास्थ्य जाँच गराउँदा एक वर्षमा २५ हजार रुपैयाँभित्रको सेवा मात्रै पाउने भएका हुन्।

अस्पालत भर्ना नै भएर उपचार गराउनु परेको अवस्थामा मात्रै एक लाख रुपैयाँ बराबरको स्वास्थ्य उपचार सुविधा पाउनेछन्। स्वास्थ्य बिमा बोर्डको सञ्चालक समितिले बिमित बिरामीलाई ओपीडीमा एक वर्षमा २५ हजार रुपैयाँ र अस्पताल भर्ना हुनुपर्ने गरी बिरामी भए मात्रै बाँकी सुविधा उपलब्ध गराउने निर्णय गरेको हो।

स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलले ओपीडीमा भएको स्वास्थ्य उपचारमा बिमितले पाउने सुविधा हालका लागि कटौती भएको बताए। यसअघि तीन हजार ५ सय रुपैयाँ प्रिमियम तिरेर स्वास्थ्य बिमा गरेपछि एक परिवारका पाँच सदस्यले वर्षभरिमा एक लाख रुपैयाँसम्मको उपचार सेवा पाउने व्यवस्था थियो। त्यस्तो सुविधामा ओपीडी र अन्य उपचार सेवा भनेर छुट्याइएको थिएन।

"यसअघिको बोर्ड बैठकले सुविधा घटाउने निर्णय गरेको रहेछ। बोर्डको निर्णय अब छिटै कार्यान्वयनमा लैजान्छौँ। स्वास्थ्य बिमालाई जोगाउन पनि अहिलेका लागि केही अप्रिय निर्णय गरेर अगाडि बढ्नुपर्ने अवस्था छ," पौडेलले भने।

यसअघिका कार्यकारी निर्देशक रघु काफ्लेले राजीनामा दिएपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री सुधा शर्माले बोर्डको कार्यकारी निर्देशकको जिम्मेवारीमा स्वास्थ्य मन्त्रालयकै कर्मचारी पौडेललाई नियुक्त गरेकी हुन्।

स्वास्थ्य बिमाबाट उठ्ने प्रिमियमबाट बिमितिले गरेको उपचारको भुक्तानी दिन नसक्ने अवस्था भएपछि बिमा बोर्डले उपचारमा दिने सुविधा कटौती गरेको हो। "बिमा गरेका एक परिवारका पाँच सदस्यले एक वर्षमा एक लाख रुपैयाँबराबरको स्वास्थ्य उपचार सुविधा पाउँछन्। तर, ओपीडीमा २५ हजार रुपैयाँसम्मको सुविधा हुन्छ र बाँकी सुविधा अस्पताल भर्ना हुनुपरेको अवस्थामा मात्रै पाइन्छ। बोर्डको निर्णय सम्बन्धित अस्पतालहरूमा पत्राचारको तयारी भइरहेको छ," पौडेलले भने।

स्वास्थ्य बिमा बोर्डले अस्पतालहरूलाई बिमा प्रयोजनका लागि छुट्टै फार्मेसी राखेर मूल्य फरक गर्न नपाइने निर्णय गरेको छ। "बिमा प्रयोजनका लागि एउटा मूल्य र अन्य बिरामीका लागि अर्को मूल्य हुने गरी फार्मेसी राख्न पाइँदैन। सबै औषधीको एउटै मूल्य हुनुपर्छ भनेर अस्पतालहरूलाई पत्राचार गरेका छौँ," पौडेलले भने।

त्यसैगरी स्थानीय अस्पतालमा स्वास्थ्य उपचार सेवा हुँदाहुँदै बिरामीले भनेका आधारमा मात्रै माथिल्लो र ठुलो अस्पतालमा रिफर गर्न नपाइने त्यसो गरिएमा बिमा दाबीको भुक्तानी नहुने निर्णय पनि बोर्डबाट गरिएको उनले जानकारी दिए।

उनले थप्दै भने "सेवा उपलब्ध भएसम्म पहिलो तहकै अस्पतालमा उपचार गरेको हुनुपर्छ। त्यहाँ उपचार सम्भव नभएको अवस्थामा मात्रै अर्को अस्पतालमा गरिएको रिफरमा बिमाको भुक्तानी पाइन्छ।"

# महोत्तरी-२ का मतदाताका गुनासा– बर्खामा डुबान र हिउँदमा पानीको हाहाकार



महोत्तरी। प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै महोत्तरी-२ मा पनि चुनावी चहलपहल सुरु भएको छ। घरआँगन, टोल बस्तीमा आएका उम्मेदवार र दलका नेता कार्यकर्तालाई यहाँका मतदाता समस्या देखाउनेभन्दा पनि असन्तुष्टि पोख्न थालेका छन्।

"हाम्रो बस्ती नदीका कारण समस्यामा छ, बर्खामा नदीमा आउने बाढीका कारण बस्ती र खेत जोखिममा पर्दै आएको छ", भङ्गाहा-६ हतिसर्वा मजराका ५५ वर्षीय सुरेश सर्दारले भन्नुभयो। नदी नियन्त्रणका लागि पक्की तटबन्ध र कुलोनहरका बाँध नबन्दा बर्सेनि आफूहरुले दुःख पाइरहेको उहाँको भनाइ छ। विगतमा ठाउँठाउँमा कटान र डुबान रोक्न तटबन्ध निर्माण गरिए पनि त्यसले समस्या समाधान भएको छैन।

यहाँका नागरिकहरुले चुनावमा भोट माग्न आउने उम्मेदवासमक्ष यस्तै गुनासा गर्न थालेका छन्। यस क्षेत्र भएर बग्ने रातु नदीको ताण्डवले जिल्लाका सात स्थानीय तहका बासिन्दा प्रभावित छन्। यसको दीर्घकालीन समाधान नपहिल्याइँदा समस्या जस्ताको त्यस्तै भएको बलवा-११ भगवतीपुरकी मरनी माझी मुसहरको भनाइ छ। "बर्खा लाग्यो कि घर बाढीले लाने हो कि भन्ने त्रास हुन्छ", माझीले भन्नुभयो। निर्वाचनमा उम्मेदवार र दलका कार्यकर्ताको आवतजावत बढेपछि चुनावी सरगर्मी बढेको छ। जिल्लाको पूर्वी मध्यभेगको यो क्षेत्रमा बिग्ही, रातु, मरहा र ओक्सीसहितका नदीपिडित समूहल मुख्य समस्या नै बर्खामा कटान र डुवान एवं हिउँदमा पानीको अभाव सुनाउँछन्।

जिल्लाको मध्यभेगको भङ्गाहा नगरपालिका-१, २, ६, ७ र ८, बलवा नगरपालिकाका-११, मध्यपूर्वीभेगको लोहारपट्टी नगरपालिकाका-९, महोत्तरी गाउँपालिका-६, औरही नगरपालिका-७, ८ र ९, पिपरा-६ र एकडारा गाउँपालिका-६ वडा महोत्तरी-२ मा पर्छन्। यहाँका बासिन्दाको मुख्य पेसा खेती भएर पनि सिँचाइको समुचित प्रबन्ध नहुँदा आकासे पानीको भरको खेती र बर्खामा बाढीले घरबस्ती डुबाउने/बगाउने त्रासको नियति यहाँका बासिन्दाले खेप्दै आएका छन्।

"हामी दुःखमा छौँ, खेतमा सिँचाइको प्रबन्ध छैन, बर्खामा बाढीले डुबाएर कहिल्यै राम्ररी अन्न थन्क्याउन पाएका छैनौ", महोत्तरी गाउँपालिका-६ गोरीगमाका ४५ वर्षीय भोला महतो भन्नुहुन्छ, "चुनाव त भइ नै राखेका छन्, तर हाम्रो दुःख जहाँको त्यहीँ रह्यो।"

> "हामी दुःखमा छौं,
> खेतमा सिँचाइको प्रबन्ध छैन, बर्खामा बाढीले डुबाएर
> कहिल्यै राम्ररी अन्न थन्क्याउन पाएका छैनौ",
> महोत्तरी गाउँपालिका-६ गोरीगमाका ४५ वर्षीय भोला
> महतो भन्नुहुन्छ, "चुनाव त भइ नै राखेका छन्, तर हाम्रो
> दुःख जहाँको त्यहीँ रह्यो।"

यो क्षेत्र बर्खाकालमा बाढी कटान/डुबान र हिउँदमा पानीको हाहाकारमा पर्ने गरेको छ। हिउँद अन्त्यतिर त सिँचाइका लागि मात्र नभएर कुनैकुनै वर्ष खानेपानीकै पनि हाहाकार पर्ने गरेको यहाँका बासिन्दा बताउँछन्। यो समस्या भोग्दै आएका यहाँका बासिन्दा सरकारले खेतीपातीका लागि सिँचाइ सुविधा, समयमा बीउबिजन, मलखाद र सुलभ कृषि ऋणको व्यवस्थासँगै बाढीबाट जोगाउन पक्की बाँध (तटबन्ध) को प्रबन्ध गरी देओस् भन्ने चाहना भएको लोहारपट्टी-१ का रामसागर यादवको भनाइ छ।

आसन्न निर्वाचनका लागि यहाँ १५ राजनीतिक दलका र स्वतन्त्र २२ गरी जम्मा ३७ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। चुनाव प्रचारप्रसारका क्रममा यस क्षेत्रका बासिन्दाबाट यस्तै समस्या आउने गरेको नेकपा (संयुक्त) बाट उम्मेदवार इदरिस मोमिनको भनाइ छ। "योजनाबद्ध तरिकाले काम हुन नसक्दा जनताका गुनासा बढेका हुन्, अब हामी सबैको साझा सङ्कल्पले निदान पहिल्याइनु पर्दछ", उहाँले भन्नुभयो।

महोत्तरी-२ मा जसपा नेपाल, नेपाली कम्युनिष्ट पार्टी, राप्रपा नेपाल, नेपाल मजदुर किसान पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टी, नेकपा (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी, जनादेश पार्टी नेपाल, राष्ट्र निर्माण दल, जनमत पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन र नेकपा संयुक्तका उम्मेदवार दलगत प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। यी दलका २२ जना स्वतन्त्र उम्मेदवार पनि प्रतिस्पर्धामा हुनुहुन्छ। यस क्षेत्रमा एक लाख सात हजार ५९४ मतदाता छन्।

साथै ६२ मतदानस्थलमा १३३ मतदान केन्द्रको व्यवस्था गरिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताउनुभयो। निर्वाचन अभियान अघि बढेसँगै यसलाई स्वच्छ र भयरहित सम्पन्न गर्न सुरक्षा व्यवस्था सुदृढ गरिएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको भनाइ छ।रासस

## अरुणिमा शैक्षिक प्रतिष्ठानको स्थापना दिवसः
# मुख्यसचिवसहित छ जना सम्मानित



काठमाण्डु। काठमाडौँस्थित अरुणिमा शैक्षिक प्रतिष्ठानको ४१औँ स्थापना दिवसका अवसरमा मुख्य सचिवसहित छ जनालाई सम्मान प्रदान गरिएको छ।

विद्यालयद्वारा आइतबार आयोजित 'विशिष्ट व्यक्तित्वको अभिनन्दन' कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव सुमनराज अर्याल, न्यूज २४ दैनिकका प्रधान सम्पादक नवराज चालिसे, समाजसेवी नेपालजित लामा, सर्वजित लामा र खड्गजित लामा तथा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय पुस्तकालय प्रमुख सागरराज सुवेदीलाई विशिष्ट व्यक्तित्वका रूपमा सम्मान गरिएको हो। साथै शिक्षक हर्षनारायण झा र कर्मचारी मञ्जु अधिकारी ढकाललाई २० वर्षे दीर्घसेवा सम्मानद्वारा अभिनन्दन गरिएको छ।

कार्र्यक्रममा प्रमुख अतिथि प्रा डा अभि सुवेदी, प्रतिष्ठानका अध्यक्ष भीमानन्द ढुङ्गानालगायत व्यक्तिले संयुक्त रूपमा उहाँहरूलाई सम्मान गर्नुभएको अरुणिमा शैक्षिक प्रतिष्ठानले जनाएको छ। कार्यक्रमको सुरुमा सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो भने प्रतिष्ठानका कार्यकारी प्रधानाध्यापक ईश्वरीप्रसाद लामिछानेले प्रतिष्ठानमार्फत सञ्चालित शैक्षिक निकायका कार्यक्रम तथा प्रभावकारिताका बारेमा जानकारी दिनुभएको थियो।

सोही समारोहमा विद्यालयको प्रथम ब्याच (२०५१) मा एसएलसी दिएका प्रविण न्यौपाने, विन्दिया मानन्धर, मनिष खनाल, सुलक्षण शर्मा, सरोज सुवेदी, गजेन्द्र कर्माचार्य र मेनुका गुरुङले राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा पुर्‍याउनुभएको योगदानको उच्च कदर गर्दै अभिनन्दन गरिएको छ।

अभिनन्दित मुख्यसचिव अर्यालले प्रतिष्ठानको स्थापना दिवसको शुभकामना व्यक्त गर्दै अरुणिमाले आफ्ना विद्यार्थीलाई गुणस्तरीय तथा जीवनोपयोगी शिक्षा प्रदान गरिरहेकामा प्रशंसा गर्नुभयो। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानाले अरुणिमासँग जोडिएका अग्रजसँगको साक्षात्कारबाट आफ्नोकार्यक्षेत्रकोकार्यसम्पादनमा थप हौसला मिलेको धारणा राख्नुभयो।

अरुणिमा परोपकार प्रतिष्ठानका सचिव जितेन्द्र श्रेष्ठले सभ्य समाज निर्माणमा गुणस्तरीय शिक्षाको महत्वबारे प्रकाश पार्नुभयो। प्रतिष्ठानका अध्यक्ष भीमानन्द ढुङ्गानाले प्रतिष्ठान गैरनाफामूलक रूपमा सञ्चालन भइरहेको जानकारी गराउँदै समयसापेक्ष योजना तर्जुमा गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।रासस

## उम्मेदवारलाई मतदाताको सुझावः
# वन्यजन्तु-मानव द्वन्द्व व्यवस्थापन गर्नुहोस्

काठमाण्डु। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बर्दिया क्षेत्र नं २ बाट उम्मेदवारी दिनुभएका नेपाली कांग्रेसका नेता किशोरसिंह राठौरलाई स्थानीय जनताले वन्यजन्तु-मानवबीचको द्वन्द्व व्यवस्थापन गर्नुपर्ने सुझाव दिएका छन्। मतदातासँगको अन्तरक्रियामा स्थानीयले बाँके र बर्दिया निकुञ्जका कारण दिनहुँजसो जङ्गली जनावर बस्तीमा पस्ने, हिंस्रक जनावरको आक्रमणबाट मानिसको मृत्यु हुनेलगायत घटना बढिरहेकाले वन्यजन्तु-मानव द्वन्द्व प्रभावकारी रूपमा व्यवस्थापन गर्नुपर्ने सुझाव दिएका हुन्।

बाँके र बर्दियाका मध्यवर्ती क्षेत्रसहित आसपासका नागरिकले असुरक्षित महसुस गरेकाले कांग्रेसका नेता तथा प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवार राठौरसँग विद्यमान समस्या समाधानका लागि पहल गरिदिन माग गरिएको ठाकुरबाबा नगरपालिका-३ का कमानसिंह साउदले बताउनुभयो। अन्तरक्रियामा नेता राठौरले पछिल्लो समय मानव र जनावरबीचको द्वन्द्व व्यवस्थापन थप चुनौतीपूर्ण बन्दै गएको बताउँदै यसका लागि आफूले सरोकार भएका निकायसँग छलफल र समन्वय गरी समाधानको पहल गर्ने प्रतिबद्धता जनाउनुभएको उहाँले निजी सचिवालयले जनाएको छ।

सचिवालयका अनुसार नेता राठौरले स्थानीय जनतासँग भेटघाट, अन्तरक्रिया गर्नुका साथै सुझाव पनि सङ्कलन गरिरहनुभएको छ।रासस

# सन्त रविदासको ६४९औँ जन्मजयन्ती भव्य रूपमा सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम। सन्त शिरोमणी गुरु रविदास जीको ६४९औँ जन्मजयन्ती क्षीरेश्वरनाथ नगरपालिका-५, अर्जनमा टोलस्थित मंगलधाममा आइतबार भव्य रूपमा सम्पन्न भएको छ।


आइतबार भएको कार्यक्रममा सन्त शिरोमणी गुरु रविदासको जीवन, जन्म इतिहास तथा उहाँका अमृत वाणीहरूबारे विभिन्न सन्त समाजका अगुवाहरूले चर्चा गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथिका रूपमा श्री रामउदित रामको उपस्थिति रहेको थियो भने कार्यक्रमको अध्यक्षता मान्यवर श्री मंगल महराजीले गरेका थिए। कार्यक्रममा सोमन राम, कुशे रविदास, दीप कुमार महतो, रामसोगारथ राम, तेतरी देवी, शिवो देवी, किशन रामलगायत रविदास समाजका अगुवाहरूको सक्रिय सहभागिता रहेको थियो।

पूर्णिमा तिथीको अवसरमा मधेश प्रदेश सरकारले आज सार्वजनिक बिदा दिएको सन्दर्भमा सहभागीहरूले सन्त शिरोमणी गुरु रविदास जयन्तीलाई राष्ट्रिय विदाका रूपमा घोषणा गर्न संघीय सरकारसँग जोडदार माग गरेका छन्। उनीहरूले गुरु रविदासले समाजमा समानता, न्याय र मानवता फैलाउन दिएको योगदानको कदर गर्दै राष्ट्रिय स्तरमा सम्मान गरिनुपर्ने धारणा व्यक्त गरेका छन्।

कार्यक्रम धार्मिक, सांस्कृतिक तथा सामाजिक सद्भावको सन्देशसहित शान्तिपूर्ण रूपमा सम्पन्न भएको आयोजकले जनाएको छ। रविदास भक्त परिवार, धनुषा मधेश प्रदेश नेपालको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न स्थानबाट आएका सन्त, श्रद्धालु तथा रविदास समाजका महिला-पुरुषहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## नाम परिवर्तन सम्बन्धी सूचना


श्री ५ को सरकार
अनुसूची-१३
स्थानीय विकास मन्त्रालय
(नियम ७ संग सम्बन्धित)
पञ्जिकरण शाखा
मृत्यु दर्ताको प्रमाण–पत्र
दर्ता मिति :- २०४४/६/१२
दर्ता नम्बर :- ९८
यस कार्यालयमा रहेको मृत्यु दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि
श्री नाम थाहा नभएर को नाति / नातिनी श्री सरुप सहनी मलाह को छोरा / छोरी श्री ... को पति / पत्नी ... को चलितर सहनी मलाह ... मा बस्ने बर्ष ... को मिति २०४४/६/१० ...मा मृत्यु भएको हो।
स्थानीय पञ्जिकाधिकारीको
सही :
नाम :
मिति :
कार्यालयको नाम ...
गा. वि. स. / न. पा. स्थानीय पञ्जिकाधिकारीको कार्यालय
जिल्ला ... महोत्तरी ...

जिल्ला महोत्तरी साबिक रामगोपालपुर गा.वि.स. वडा ८ हाल रामगोपालपुर नगरपालिका वडा नं. ६ सरुप सहनी मलाहको छोरा चलितर सहनी मलाहको बाजेको नाम इनर मलाह हुनुपर्नेमा भुलवश नाम थाहा नभएको मृत्यु दर्ता प्रमाण पत्रको उल्लेख भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : कसैको व्यवहारले सोच बदलिन सक्छ।
वृष : घरको कुराले खुशी दिन सक्छ।
मिथुन : पुरानो योजना फेरि उठ्छ। पैसाको लेनदेनमा सर्तक रहनुहोस्।
कर्कट : परिवारसंग समय बिताउने मौका मिल्छ। आज व्यापारमा फाइदा हुनेछ।
सिंह : प्रेम सम्बन्धमा खुलापन बढ्छ। आत्मविश्वास उच्च रहनेछ।
कन्या : आर्थिक हिसाबमा सुधार देखिन्छ। आफ्नो स्वास्थलाई बेवास्ता नगर्नुहोस्।
तुला : कसैसंग पुरानो मतभेद मेटिन सक्छ। पैसाको स्थिति स्थिर रहन्छ।
वृश्चिक : आर्थिक लाभको संकेत छ। भावनामा नियन्त्रण जरुरी छ।
धनु : यात्रा वा योजना बन्न सक्छ। खुशी बाँड्ने दिन हो।
मकर : वरिष्ठबाट विश्वास पाउन सक्नुहुन्छ। आर्थिक अवस्था सुदृढ बन्दै जान्छ।
कुम्भ: काममा नयाँ दिशा देखिन्छ। मित्रसंग सहकार्य बढ्छ। मन हलुका रहन्छ।
मीन : काममा दबाब काम महसुस हुन्छ। आर्थिक रुपमा सन्तुलन आउँछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# प्रतिनिधिसभाको निर्वाचनबाट सकारात्मक परिणाम ल्याउनुपर्छः मुख्यमन्त्री बानियाँ



बागमती । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रतिनिधिसभाको निर्वाचनबाट गणतन्त्रबादी शक्तिको पक्षमा सकारात्मक परिणाम ल्याउनु आवश्यक रहेको बताउनुभएको छ ।

बागमती प्रदेशसभाको आठौँ वार्षिकोत्सव कार्यक्रमलाई आइतबार हेटौँडामा सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँले मुलुक निर्वाचनमा होमिसकेकाले यही निर्वाचनबाट गणतन्त्रवादीको पक्षमा सकारात्मक परिणाम ल्याउने गरी जुट्न गणन्त्रणबादी शक्तिलाई आग्रह गर्नुभयो । ठूलो सङ्घर्षबाट प्राप्त भएको समावेशी गणतन्त्रात्मक व्यस्थामाथि खतरा बढ्ेको उल्लेख गर्नुहुँदै उहाँले केही शक्ति यही निर्वाचनको फाइदा उठाएर व्यवस्था नै परिवर्तन गर्न लागिपरेकाले गणतन्त्रवादी शक्ति एक ठाउँमा आउनु आवश्यक रहेको औँल्याउनुभयो ।

विभिन्न राजनीतिक उतार चढावका कारण लामो समयदेखि प्रदेशसभाको बैठक बस्न नसकेको उल्लेख गर्नुहुँदै मुख्यमन्त्री बानियाँले बागमती प्रदेशसभाको रिक्त सभामुख चयन प्रक्रियालाई छिट्टै राजनीतिक सहमतिका आधारमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

आफ्नो नेतृत्वमा सरकार गठन भएको महिनादिन नबित्दै मुलुकमा भएको जेनजी आन्दोलनका कारण सरकारको काम कारबाही अपेक्षाकृत रुपमा अघि बढ्न नसकेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले प्रदेश सरकारले गरिबमुखी, आयमुखी, जनमुखी काम गर्ने सङ्कल्प लिएर अघि बढे पनि जेनजी आन्दोलनका कारण सङ्कल्पअनुसारकामगर्ननसकिएको बताउनुभयो । प्रदेशसभाबाट पारित भएका ऐन कानुनअनुसार सेवासुविधा उपलब्ध गराउन निजामती कर्मचारीले आलटाल गरिरहेको गुनासो गर्नुहुँदै उहाँले सङ्घीय सरकारले पठाएका कर्मचारीले प्रदेश सरकारलाई नटेर्ने परिपाटी देखिएको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेलले लामो समयदेखि बागमती प्रदेशसभाको बैठक बस्न नसक्दा जनताको जनप्रतिनिधि संस्था अन्योलमा परेकाले तत्काल प्रदेशसभाको बैठक बोलाउने वातावरण सरकारले बताउनुपर्ने बताउनुभयो । बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंको अध्यक्षतामा आयोजित कार्यक्रममा बागमती प्रदेशसभाका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले जनताको आवाज बोल्ने प्रदेशसभालाई प्रभावकारी रुपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।रासस

# उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धकसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा ठूलो मात्राको क्लिङ्कर हिनामिना भएको प्रकरणमा तत्कालीन महाप्रबन्धकसहित आठ जना उच्चपदस्थ कर्मचारीविरुद्ध विशेष अदालतमा आइतबार भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले आर्थिक वर्ष २०७४/७५ देखि २०७७ साल पुस मसान्तसम्म योजनाबद्ध रूपमा सार्वजनिक सम्पत्ति दुरुपयोग तथा क्लिङ्कर हिनामिना गरिएको पुष्टि भएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।आयोगले तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल, निमित्त महाप्रबन्धक नवलकिशोर साह, नायब महाप्रबन्धक महेशप्रसाद काफ्ले, उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल, भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह, क्लिङ्कर उत्पादन विभाग प्रमुख रवीचन्द्र पौडेल, सिमेन्ट उत्पादन विभाग प्रमुख हरिप्रसाद अधिकारी तथा बिक्री विभाग प्रमुख रामबहादुर जिसीविरुद्ध मुद्दा दायर गरेको हो ।

आयोगले दायर गरेको मुद्दाअनुसार तत्कालीन महाप्रबन्धक पौडेलविरुद्ध रू १२ करोड ४४ लाख २२ हजार २४२ र नायब महाप्रबन्धक काफ्लेविरुद्ध रू १२ करोड ६३ लाख ६९ हजार १६८ बराबरको बिगो हिनामिनाको दाबीसहित मुद्दा परेको छ । त्यस्तै, निमित्त महाप्रबन्धक साहसहितका अरु व्यक्तिविरुद्ध रू ४६ करोड ५२ लाख ७४ हजार ४२६ बराबरको बिगो दाबीसहित मुद्दा दायर गरेको हो ।

आपसी मिलेमतो र योजनाबद्ध बदनियतका साथ आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिको दुरुपयोग गरी उद्योगलाई गम्भीर आर्थिक क्षति पुऱ्याएको अख्तियारद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर कायम गरी बिगो असुल तथा कैद र जरिवानाको मागदाबी लिएको छ ।



**आयोगले दायर गरेको मुद्दाअनुसार तत्कालीन महाप्रबन्धक पौडेलविरुद्ध रु १२ करोड ४४ लाख २२ हजार २४२ र नायब महाप्रबन्धक काफ्लेविरुद्ध रु १२ करोड ६३ लाख ६९ हजार १६८ बराबरको बिगो हिनामिनाको दाबीसहित मुद्दा परेको छ । त्यस्तै, निमित्त महाप्रबन्धक साहसहितका अरु व्यक्तिविरुद्ध रु ४६ करोड ५२ लाख ७४ हजार ४२६ बराबरको बिगो दाबीसहित मुद्दा दायर गरेको हो ।**

अनुसन्धानका क्रममा क्लिङ्करको वार्षिक मौज्दात अभिलेख, भौतिक परीक्षण प्रतिवेदन, महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको छानबिन प्रतिवेदनलाई आधार बनाइएको अख्तियारले जनाएको छ । ती कागजातअनुसार उद्योगले कागजमा देखाएको मौज्दात र वास्तविक भौतिक मौज्दातबीच अस्वाभाविक र ठूलो अन्तर देखिएको उल्लेख छ ।

विज्ञप्तिअनुसार आर्थिक वर्ष २०७४/७५ मा उद्योगको वार्षिक मौज्दात विवरणमा ३३ हजार ९१४ मेट्रिकटन क्लिङ्कर रहेको उल्लेख गरिएको थियो । तर २०७५ असोज १२ गते गरिएको भौतिक परीक्षणबाट ३२ हजार ७८५ मेट्रिकटन मात्र क्लिङ्कर मौज्दात रहेको पाइएको थियो । यसरी एक हजार १२९ मेट्रिकटन क्लिङ्कर घटी देखिएको र त्यसको लागत मूल्य रू एक करोड १४ लाख १० हजार ३४० भन्दाबढी रहेको अख्तियारको निष्कर्ष छ ।

त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा कागजी अभिलेखअनुसार ४४ हजार ४९५ मेट्रिकटन क्लिङ्कर मौज्दात देखाइए पनि भौतिक परीक्षणमा ३४ हजार २९५ मेट्रिकटन मात्र फेला परेको छ । यस वर्ष मात्र १० हजार २०० मेट्रिकटन क्लिङ्कर हिनामिना भएको र यसको लागत मूल्य रू ११ करोड ३३ लाख ११ हजार ९०२ रुपैयाँ पुगेको अख्तियारले जनाएको छ ।

आव २०७६/०७७ मा पनि यस्तै अनियमितता दोहोरिएको देखिएको जनाइएको छ । उक्त वर्ष मौज्दात विवरणमा ५० हजार ९७५ मेट्रिकटन क्लिङ्कर देखाइए पनि भौतिक परीक्षणमा ३९ हजार ४५० मेट्रिकटन मात्र भेटिएको थियो । यसमध्ये अघिल्लो वर्षका हिसाब कटाएर हेर्दा सो वर्ष मात्र एक हजार ३२५ मेट्रिकटन क्लिङ्कर हिनामिना भएको र यसको लागत मूल्य रू एक करोड ६२ लाख ४६ हजार ७१२ भन्दा बढी रहेको अख्तियारको ठहर छ ।

विसं २०७७ साउन १ गतेदेखि पुस मसान्तसम्मको अवधिमा भने अनियमितता झनै गम्भीर देखिएको छ । उक्त अवधिको मौज्दात विवरणमा ५५ हजार ३८५ मेट्रिकटन क्लिङ्कर देखाइए पनि २०७७ माघ १३ गते गरिएको भौतिक परीक्षणमा १७ हजार ७४५ मेट्रिकटन क्लिङ्कर मात्र मौज्दात रहेको पाइएको थियो । यसरी सो अवधिमा मात्र २६ हजार ११५ मेट्रिकटन क्लिङ्कर घटी देखिएको र यसको लागत मूल्य रू ३२ करोड ४३ लाखभन्दा बढी रहेको अख्तियारले जनाएको छ ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिद्वारा गठित उपसमितिले २०७८ फागुन १ गते पेस गरेको प्रतिवेदन तथा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनलेसमेत ३७ हजार ६४० मेट्रिकटन क्लिङ्कर हिनामिना भएको औँल्याएको थियो ।

उक्त प्रतिवेदनमा उद्योगका तत्कालीन महाप्रबन्धकले प्रचलित कानुनअनुसार आफ्नो कर्तव्य पूरा नगरेको र सम्पूर्ण जिम्मेवारी उनीहरूले लिनुपर्ने उल्लेख गरिएको थियो । यसै आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको छुट्टै छानबिनबाट पनि २०७४ साउनदेखि २०७७ पौष मसान्तसम्म क्लिङ्कर उत्पादन, खपत र मौज्दातको अनुपात असामान्य देखिएको निष्कर्ष निकालिएको थियो । यी सबै तथ्य र प्रमाणका आधारमा अख्तियारले प्रतिवादीहरूले सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा मास्ने कार्य गरेको ठहर गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । आयोगले बिगो बराबरको रकम असुलउपर गरी भ्रष्टाचार निवारण ऐनअनुसार कैद र जरिवानाको सजाय मागदाबी लिएको छ ।रासस

## मतदाता भन्छन्: उम्मेदवार हेरेर आफ्नो मत दान गर्छौं

दशरथचन्द । यहाँको सिगास गाउँपालिका-९ का रवीन्द्र र हिमा बोहराले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो पटक मतदान गर्दैछन् । पहिलो पटक मतदान गर्न पाउँदा उहाँहरु दुवै जना उत्साहित हुनुहुन्छ । साथै पहिलो पटक मतदान गर्दा उम्मेदवारलाई लिएर पनि उत्तिकै सचेत हुनुहुन्छ ।

"आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलोपटक मतदान गर्दैछु, उत्साहित मात्रै छैन, सचेत पनि छु", रवीन्द्रले भन्नुभयो, "युवा र देशको वर्तमान आवश्यकतालाई प्राथमिकता राखेर काम गर्नसक्ने उम्मेदवारलाई भोट हाल्छु ।" पहिलो पटक मतदान गर्न लागेकी हिमाले आफ्नो मत सक्षम नेतृत्व दान गर्ने बताउनुभयो । "राम्रो र सक्षम नेतृत्वलाई मतदान गरेर देशको विकास गर्नु आवश्यक छ, त्यसैअनुसार सोच बनाइरहेकी छु", हिमाले भन्नुभयो, "उम्मेदवारका एजेन्डालाई आफूले मत दिने आधार बनाउने छु ।"

बैतडीमा प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि ११ जना उम्मेदवार चुनावी मैदानमा प्रतिस्पर्धा गर्दैछन् । केही नयाँअनुसार छन् भने केही उम्मेदवार दोहोरिएका छन् । पुर्चौंडी नगरपालिका- ४ का पुष्कर भट्टले उम्मेदवारसँग प्रतिबद्धता गरेर मात्रै आफ्नो अमूल्य मत दिने बताउँछन् । "मताधिकारको प्रयोग पहिलो पटक गर्दैछु । व्यक्तिगत स्वार्थभन्दामाथि नै रहेर योग्य, नैतिकवान्, राम्रो योजना र नीति भएका उम्मेदवारलाई मतदान गर्छु", उहाँले भन्नुभयो ।

जिल्ला निर्वाचन कार्यालय बैतडीका प्रमुख खगेन्द्र भारतीका अनुसार जिल्लामा १२९ मतदानस्थल र २१४ मतदान केन्द्र छन् । जिल्लामा ७८ हजार ९८७ पुरुष, ७७ हजार ३८३ महिला र अन्य दुई गरी एक लाख ५६ हजार ३७२ मतदाता छन् ।सुरक्षा दृष्टिले यहाँका ३३ मतदानस्थल अतिसंवेदनशील सूचीमा राखिएका छन् । जिल्ला सुरक्षा समितिका अनुसार १२९ मतदानस्थलमध्ये ३३ अतिसंवेदनशील, २८ संवेदनशील र ६८ सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ ।रासस

प्रतिनिधिसभा सदस्य निर्वाचनः

# नागरिकलाई मतदाता नामावलीकै चिन्ता

काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा धेरै नागरिकले आफ्नो मतदाता नामावलीका बारेमा जिज्ञासा राख्ने गरेका छन् ।

निर्वाचन आयोगले यही माघ ५ गतेदेखि सञ्चालनमा ल्याएको 'कल सेन्टर'मा माघ १७ गतेसम्म एक हजार ६७७ जिज्ञासा तथा प्रश्न प्राप्त भएकामा मतदाता नामावलीसम्बन्धी ९०६ वटा रहेका छन् । निर्वाचन आचारसंहितासम्बन्धी १३५, मतदाता शिक्षासम्बन्धी ६१ र अन्य ५७५ वटा रहेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

हानिकारक सूचना पहिचान र कारबाही सिफारिसलाई पनि आयोगले प्राथमिकताका साथ अघि बढाएको छ । निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या/भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न तथा गैरकानुनी कार्य गर्ने व्यक्ति तथा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानुनको दायरामा ल्याउन लागिएको प्रवक्ता भट्टराईले बताउनुभयो ।

आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्ण रूपमा यसमा क्रियाशील भएको छ । हानिकारक सूचना उत्पादन एवम् सम्प्रेषण गर्ने १२० विषयवस्तु उत्पादक/सम्प्रेषकलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा पठाइएको छ । छ वटालाई दूरसञ्चार प्राधिकरण ऐन, २०५२ बमोजिम कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको प्रवक्ता भट्टराईले बताउनुभयो ।

त्यस्तै १५ वटालाई प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि प्रेस काउन्सिल, नेपालमा र ३४ वटालाई निर्वाचन आचारसंहिता, २०८२ बमोजिम कारबाहीका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको आयोगले आज आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

**निजी क्षेत्रका संघ-संस्थासंग छलफल**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा निजी क्षेत्रको भूमिका र दायित्व विषयमा नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, महिला उद्यमी महासङ्घ नेपाल, होटल एसोसिएसन नेपाल, होटल तथा बार एसोसिएसन नेपाल, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालका प्रमुख तथा प्रतिनिधिहरूसँग यसै हप्ता छलफल गरिएको थियो । उक्त छलफलमा सबै संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवम् समावेशी बनाउनका लागि आफ्नो तर्फबाट पूर्ण सहयोग रहने बताउनाका साथै आ-आफ्नो क्षेत्रले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सचेतना सामग्रीको उत्पादन एवम् प्रचारप्रसार




**निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गतको मतदाता शिक्षा एकाइले हालसम्म जम्मा १५८ सामग्री आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको छ ।**

निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गतको मतदाता शिक्षा एकाइले हालसम्म जम्मा १५८ सामग्री आयोगबाट स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको छ । मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने विश्वास गरिएको छ । यसबाट मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

**निर्वाचनका बारेमा अन्तरराष्ट्रिय समुदायलाई जानकारी**

आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने उद्देश्यले यही माघ १५ गते आयोगको समन्वयमा परराष्ट्र मन्त्रालयबाट काठमाडौँस्थित कूटनीतिक नियोग एवम् संयुक्त राष्ट्र सङ्घीय निकायका प्रमुख तथा प्रतिनिधिलाई जानकारी गराइएको छ । कार्यक्रममा आयोग र गृह मन्त्रालयका प्रतिनिधिसमेतको उपस्थितिमा निर्वाचनको वातावरण, निर्वाचन आयोगबाट भएका तयारी, राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यवेक्षणलगायतका विषयमा जानकारी गराइएको थियो ।

आयोगबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको दुई करोड आठ लाख ३० हजार मतपत्र र मतदाता शिक्षा प्रयोजनका लागि १० लाख ९८ हजार २०० थान नमूना मतपत्र छपाइ सम्पन्न भइसकेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ हालसम्म २५ जिल्लाका ३० लाख मतपत्र छपाइ सम्पन्न भएको प्रवक्ता भट्टराईले बताउनुभयो ।रासस

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔँः

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गरौँ




कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौँ



आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिक नराखौँ

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौँ

हिटरको प्रयोग गर्दा समय–समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौँ र सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौँ



गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौँ




गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौँ

गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरुमको झ्याल बन्द नगरौँ

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

PLAN INTERNATIONAL
Until we are all equal



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# चुनावसंगै मूल्य वृद्धि

हरेक चुनावमा मूल्य वृद्धि हुने गरेको छ । चुनावको समयमा मूल्य वृद्धि हुनु नौलो होइन । चुनावको समयमा हुने मूल्य वृद्धिलाई अस्वभाविक मानिदैन । तर मूल्य वृद्धि र कृत्रिम अभाव सृजना हुने कारण आम नागरिक मारमा परेका छन् । नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्यमा प्रति लिटर ३ रुपैयाँ बढाएको छ । मट्टीतेलको खपत धेरै नभएकाले त्यसको ठूलो प्रभाव त पर्दैन । तर चुनावको बेला डिजेलको खपत बढी हुने भएकाले त्यसको मार सबै क्षेत्रमा पर्ने छ । डिजेलको मूल्य वृद्धिले ढुवानी खर्च बढ्ने भएकाले हरेक क्षेत्रमा भाडा बढने सम्भावना हुन्छ । भाडा बढ्दा महँगी स्वभाविक रुपमा नै बढ्ने छ । चुनावको बेला मूल्य वृद्धि हुनेमा उपभोक्ताहरु पनि जानकार रहने गरेका छन् । तर त्यो भन्दा बढी जानकार उद्योगी, व्यवसायीहरु रहने गर्छन् । उनीहरुले मूल्य वृद्धि गर्न कृत्रिम अभाव सृजना गर्छन् । सरकार निरिह बनेको हुन्छ । नेताहरुलाई चुनावमा चन्दा दिने ठूला उद्योगीहरुले मूल्य वृद्धिबाट त्यसको भर्पाइ गर्ने गरेको बताइन्छ । देशमा अहिले प्रतिनिधि सभाको चुनाव हुँदैछ । सय बढी दलबाट उम्मेदवारहरु उठेका छन् । उनीहरुले चुनावमा खर्च गर्न चन्दा लिने गरेका छन् । चुनावमा चन्दा लिनुलाई समान्यतया स्वभाविक मानिन्छ । हुन त चुनावको चन्दा पनि बैंक मार्फत लिनु पर्ने प्रावधान छ । तर अपारदर्शी ढंगले चन्दाको कारोबार चुनावमा बढी हुन्छ । ती सबैको प्रत्यक्ष प्रभाव तत्कालै बजारमा पर्छ । चुनावमा हुने महँगीको विषयमा कुनै दल अथवा उम्मेदवारले बोल्दैन । नेताहरु चन्दाको कारण उद्योगी, व्यवसायीहरुले गर्ने कृत्रिम अभाव र मूल्य वृद्धिको विरुद्ध मुख खोल्न चाहदैनन् । नेपालको बजार सरकारको नियन्त्रण भन्दा बाहिर छ । सरकारले बजारको अनुगमन गराए पनि त्यो औपचारिकतामा सीमित हुने गरेको छ । बजारमा हुने कृत्रिम अभाव र मूल्य वृद्धि नियन्त्रण गर्न सरकारको प्रभावकारी भुमिका हुनुपर्छ । कृत्रिम अभाव सृजना गर्ने र चर्को मूल्यमा मालसमान बिक्री गर्ने उद्योगी, व्यवसायीहरुलाई सरकारले कारबाही गर्नु पर्छ । कृत्रिम अभाव र मूल्य वृद्धिको मारमा आम नागरिक पर्ने भएकाले सरकार त्यस तर्फ गम्भीर हुनुपर्छ । प्रधानमन्त्री सुशीला कोइरालाले यसमा विशेष चासो लिनु पर्छ । उनी दलगत स्वार्थ भन्दा माथि रहेकाले आम नागरिकको हितलाई प्राथमिकतामा राख्नु पर्छ । निर्वाचनको बेला हुने कृत्रिम अभाव र मूल्य वृद्धि कार्की नेतृत्वको सरकारको पालामा नभएको सन्देश प्रवाह हुन सके त्यसले भविष्यमा आउने सरकारका लागि समेत दबाब बनाउने छ । चुनावमा उम्मेदवारहरुले अपारदर्शी ढंगले रकम खर्च गर्छन् । निर्वाचन आयोगले निर्धारण गरेको खर्च सीमाले तराई मधेशको निर्वाचन क्षेत्रमा एकदिन पनि धान्न सकिदैन । बजारमा नगदको प्रवाह चुनावमा अत्यधिक बढने गरेको छ । तर त्यसले कृत्रिम अभाव र मूल्य वृद्धिलाई बढाउने गर्छ ।

# भ्रष्टाचारको मुहान निर्वाचन खर्च : पैसाले कब्जा गरेको लोकतन्त्र



रमेश कुमार बोहोरा

भ्रष्टाचारको मुहान कहाँबाट बग्छ भन्ने प्रश्नमा धेरैले ठेक्का, कर छली, प्रशासनिक मिलेमतो वा नीतिगत चलखेललाई औँल्याउने गर्छन् । तर राज्य संरचनाभित्र मौलाउँदै गएको भ्रष्टाचारको पहिलो ढोका भने प्रायः अदृश्य तर शक्तिशाली ढंगले निर्वाचनबाटै खुल्ने गरेको यथार्थलाई अब बेवास्ता गर्न सकिने अवस्था छैन । लोकतन्त्रको मूल आधार मानिने निर्वाचन जब पैसाको प्रतिस्पर्धामा सीमित हुन पुग्छ, त्यही क्षणदेखि शासन प्रणालीको नैतिक धरातल कमजोर बन्छ र सार्वजनिक हितभन्दा निजी लगानीको प्रतिफल खोज्ने राजनीति संस्थागत हुँदै जान्छ ।

निर्वाचन आयोगले उम्मेदवारले अधिकतम कति खर्च गर्न पाउने भनेर हरेक निर्वाचनअघि सीमा तोक्दै आएको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन क्षेत्रको प्रकृति हेरी २२ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ । कानुनी रूपमा हेर्दा यो सीमा निर्वाचनलाई मर्यादित, निष्पक्ष र समान प्रतिस्पर्धायुक्त बनाउने उद्देश्यसहित तय गरिएको हो । तर व्यवहारमा यो सीमा केवल कागजमा सीमित भएको यथार्थ सर्वविदित छ । निर्वाचन क्षेत्रको वास्तविक अभ्यास हेर्दा प्रचार सामग्री, यातायात, कार्यकर्ता परिचालन, भोजन-आवास, सभा व्यवस्थापन, सामाजिक सञ्जाल प्रचारदेखि मतदाता व्यवस्थापनसम्मका खर्चलाई जोड्दा कानुनी सीमाभित्र निर्वाचन सञ्चालन सम्भव छैन भन्ने कुरा उम्मेदवारहरू आफैं स्वीकार गर्छन् । कतिपय उम्मेदवारको भनाइमा त टिकट प्राप्त गरेर निर्वाचन क्षेत्रसम्म पुग्दासम्म नै आयोगले तोकेको खर्च सीमा नाघिसकेको हुन्छ ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा विजेता उम्मेदवारको औसत खर्च करिब २ करोड १३ लाख रुपैयाँ र उपविजेता उम्मेदवारको औसत खर्च १ करोड ४९ लाख रुपैयाँ रहेको अध्ययनहरूले देखाइसकेका छन् । यो तथ्य आफैंमा आयोगले तोकेको खर्च सीमासँग ठोक्किने मात्र होइन, निर्वाचन प्रणालीभित्र गहिरोसँग जरा गाडेर बसेको अपारदर्शी खर्च संस्कृतिको स्पष्ट प्रमाण हो । अझ चिन्ताजनक पक्ष त के छ भने कतिपय उम्मेदवारहरूले आफैं सार्वजनिक रूपमा आफूले करोडौँ रुपैयाँ खर्च गरेको स्वीकार गरेका छन्, तर निर्वाचन आयोगमा बुझाएको विवरणमा भने केही लाख रुपैयाँ मात्र खर्च भएको उल्लेख गरिएको पाइन्छ । राजनीतिक दलका जिम्मेवार नेताबाटै यस्तो स्वीकारोक्ति आउनु निर्वाचन प्रणालीमाथि गम्भीर प्रश्न हो । यसले न केवल खर्च सीमा उल्लंघन भएको देखाउँछ, राज्यका नियामक संस्थाहरूको कार्यक्षमतामाथि पनि प्रश्न उठाउँछ ।

राज्य सञ्चालनका लागि जनताले योग्यहरूमध्येबाट योग्यतम प्रतिनिधि छान्ने अवसर नै निर्वाचन हो । लोकतन्त्रमा यो नियमित प्रक्रिया मात्र होइन, सार्वजनिक इच्छाशक्तिको वैधानिक अभिव्यक्ति पनि हो । मतदाताले उम्मेदवारको विचार, सिद्धान्त, कार्यक्रम, विगतको योगदान, सामाजिक सम्बन्ध, व्यवहारिक क्षमता र नैतिक धरातललाई मूल्याङ्कन गरेर निर्णय गर्ने अपेक्षा गरिन्छ । तर व्यवहारिक यथार्थमा ती सबै पक्षलाई ओझेलमा पार्दै पैसा निर्णायक कारक बन्न थालेपछि निर्वाचनको चरित्र नै बदलिएको छ । विचार, नीति र कार्यक्रमभन्दा प्रचारको आड, भीड व्यवस्थापन र खर्चिलो प्रदर्शनले मतदाताको ध्यान तान्ने अवस्था हावी हुँदै गएको छ ।

निर्वाचनमा बढी खर्च गर्ने उम्मेदवारको जित्ने सम्भावना पनि बढी हुने गरेको तथ्य विभिन्न अध्ययनले देखाइसकेका छन् । यसले निर्वाचनलाई स्वाभाविक प्रतिस्पर्धाबाट हटाएर आर्थिक क्षमताको प्रतिस्पर्धामा परिणत गरेको छ । यस्तो अवस्थामा जनताको समस्या बुझ्ने, समाजसँग गहिरो सम्बन्ध बनाएका, वैचारिक रूपमा स्पष्ट र इमानदार राजनीतिज्ञहरू स्वतः कमजोर स्थितिमा पर्छन् । उनीहरूसँग न त ठूलो आर्थिक स्रोत हुन्छ, न त ठूला लगानीकर्ताको पहुँच । परिणामस्वरूप टिकट वितरणदेखि अन्तिम मतपरिणामसम्म पैसाले निर्णायक भूमिका खेल्ने संरचना मजबुत हुँदै जान्छ ।

जब उम्मेदवारले निर्वाचन जित्नका लागि करोडौँ रुपैयाँ खर्च गर्छ, त्यसपछि निर्वाचित भएपछि उसमाथि दुई किसिमको दबाव स्वतः निर्माण हुन्छ । पहिलो, खर्च गरिएको रकम फिर्ता उठाउने बाध्यता । दोस्रो, आगामी निर्वाचनका लागि अझ ठूलो आर्थिक स्रोत तयार गर्ने आवश्यकता । यसरी जनताको प्रतिनिधि भएर संसद वा सरकारमा पुगेका व्यक्ति नीति निर्माणमा जनताको आवाज बोकेर उभिनुभन्दा लगानीकर्ताको अपेक्षा पूरा गर्ने दबाबमा पर्छन् । यहीँबाट राज्य संयन्त्र क्रमशः जनमुखी नभई लगानीमुखी बन्दै जान्छ ।

निर्वाचन खर्चको सबैभन्दा गम्भीर पक्ष भनेको यसको स्रोत हो । उम्मेदवारले खर्च गरेको रकम कहाँबाट आयो भन्ने प्रश्न प्रायः अनुत्तरित रहन्छ । कानुनले खर्च विवरण बुझाउनुपर्ने व्यवस्था गरे पनि त्यसमा स्रोतको यथार्थ खुलासा हुने प्रणाली प्रभावकारी रूपमा लागू हुन सकेको छैन । अध्ययनहरूले देखाएका छन् कि निर्वाचनमा प्रयोग हुने ठूलो रकम लुकाइएको सम्पत्ति, अनौपचारिक अर्थतन्त्रबाट आएको पैसा, उद्योग-व्यवसायीको लगानी र अपारदर्शी चन्दाबाट आउने गर्छ । यो पैसा सामान्य सहयोगको रूपमा मात्र आउने होइन, भविष्यको नीतिगत लाभको अपेक्षासहित आउने लगानी हो ।



जब उद्योगी वा व्यवसायीले करोडौँ रुपैयाँ खर्च गरेर उम्मेदवार लाई जिताउँछन्, त्यो सहयोग दान होइन, प्रभाव खरिद हो । यस्तो लगानीको प्रतिफल नीति निर्माणमा कर छुट, ठेक्का, अनुमति प्रक्रिया, आयात-निर्यात व्यवस्था, नियमनको ढिलाइ, कानुनी कमजोरीको फाइदा वा प्रशासनिक पहुँचमार्फत खोजिन्छ । परिणामतः सार्वजनिक नीतिहरू जनताको हितभन्दा सीमित समूहको फाइदातर्फ मोडिन थाल्छन् । यही प्रक्रिया निरन्तर दोहोरिँदा भ्रष्टाचार केवल व्यक्तिगत आचरणको समस्या नभई संरचनागत रोगमा रूपान्तरण हुन्छ ।

निर्वाचनमा अपारदर्शी खर्चको प्रभाव केवल आर्थिक पक्षमा सीमित रहँदैन । यसले राजनीतिक संस्कृतिमा पनि गहिरो असर पार्छ । टिकट वितरणदेखि दलको आन्तरिक निर्णय प्रक्रियासम्म पैसाको प्रभाव बढ्दै जान्छ । दलभित्र लामो समयदेखि संगठन निर्माणमा खटिएका, वैचारिक प्रशिक्षण लिएका र सामाजिक आन्दोलनबाट आएका कार्यकर्ताहरू भन्दा पनि खर्च गर्न सक्ने र स्रोत जुटाउन सक्ने व्यक्ति उम्मेदवार बन्ने सम्भावना बढ्छ । यसले राजनीतिक दलहरूलाई क्रमशः वैचारिक संस्थाबाट चुनाव जित्ने मेसिनमा रूपान्तरण गरिरहेको छ ।

निर्वाचन आचारसंहिता उल्लंघन सामान्य अभ्यासझैँ बन्दै गएको छ । तर उल्लंघनपछि हुने कारबाही अत्यन्त कमजोर छ । आयोगमा बुझाइने खर्च विवरण प्रायः औपचारिकता मात्र बन्न पुगेको छ । वास्तविक खर्च र बुझाइएको विवरणबीचको ठूलो अन्तर आयोगले छानबिन गर्ने संयन्त्र कमजोर हुँदा सजिलै लुकाइन्छ । जब निर्वाचन नै ढाँट र कानुन उल्लंघनको आधारमा जितिन्छ, त्यस्तो प्रतिनिधिबाट राजनीतिक नैतिकताको अपेक्षा गर्नु स्वयं विडम्बना हुन्छ ।

अझ गम्भीर समस्या के छ भने, निर्वाचनमा खर्च हुने रकमको परिमाण र स्रोत सार्वजनिक नहुँदा मतदाताले उम्मेदवारको वास्तविक हैसियत बुझ्नै पाउँदैनन् । उम्मेदवार कुन आर्थिक समूहसँग नजिक छ, उसलाई कसले आर्थिक रूपमा सहयोग गरेको छ, भविष्यमा उसको प्राथमिकता कता केन्द्रित हुन सक्छ भन्ने जानकारी मतदाताको पहुँचभन्दा बाहिर रहन्छ । लोकतन्त्रमा मतदाताको सूचित निर्णय अत्यन्त महत्वपूर्ण मानिन्छ । तर खर्च र स्रोत अपारदर्शी रहँदा मतदाता अन्धकारमै मतदान गर्न बाध्य हुन्छ ।

यसले प्रत्यक्ष रूपमा विचार र सिद्धान्तको राजनीतिलाई कमजोर बनाउँछ । राजनीतिक बहस नीति, कार्यक्रम र वैचारिक दिशाभन्दा प्रचार रणनीति र भीड व्यवस्थापनमा सीमित हुन थाल्छ । जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग, संघीयता, सुशासन र आर्थिक सुधारका विषयहरू प्रचारको कोलाहलमा हराउँछन् । निर्वाचनले लोकतन्त्रको औपचारिकता पूरा गरे पनि जनप्रतिनिधित्वको मर्म कमजोर बन्छ ।

यस्तो अवस्थाको निरन्तरताले समाजमा राजनीति प्रतिको विश्वास पनि घट्दै गएको देखिन्छ । आम नागरिकले राजनीति सुधारको माध्यम हो भन्ने विश्वास गुमाउँदै जाँदा निराशा, उदासीनता र वैकल्पिक व्यवस्थाप्रतिको मोह बढ्ने जोखिम पनि सँगसँगै बढ्छ । लोकतन्त्र सुदृढ हुन जनताको विश्वास अत्यावश्यक आधार हो । तर निर्वाचन नै अविश्वासको कारखाना बन्दै जाँदा त्यो आधार कमजोर बन्छ ।

निर्वाचन खर्च नियन्त्रणका नाममा कानुनी सीमा तोक्नु मात्र पर्याप्त छैन । मुख्य चुनौती कार्यान्वयन र निगरानी हो । खर्च वास्तविक रूपमा कति भयो भन्ने पत्ता लगाउने सक्षम प्रणाली नहुँदासम्म खर्च सीमा केवल घोषणामै सीमित हुन्छ । आजको डिजिटल युगमा पनि निर्वाचन खर्चको अनुगमन पुरानै शैलीमा भर परिरहेको छ । नगद कारोबार व्यापक रूपमा प्रयोग हुने, तेस्रो पक्षमार्फत प्रचार खर्च हुने र अनौपचारिक संरचनाबाट स्रोत परिचालन हुने अवस्थालाई नियन्त्रण गर्ने प्रविधि र कानुनी संरचना विकास हुन सकेको छैन ।

निर्वाचनलाई कम खर्चिलो, पारदर्शी र एजेन्डा केन्द्रित बनाउने हो भने नीतिगत रूपमा केही आधारभूत सुधार अपरिहार्य देखिन्छ । पहिलो, उम्मेदवार र दलका लागि निर्वाचन प्रयोजनको छुट्टै बैंक खाता अनिवार्य गर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ । सबै चन्दा, सहयोग र आर्थिक सहायता सोही खातामार्फत मात्र लिन र खर्च गर्न पाउने व्यवस्था हुनुपर्छ । नगद कारोबारलाई अत्यन्त सीमित वा निषेध गर्ने नीति लागू गर्न सकिन्छ ।

दोस्रो, प्रत्येक दाताको विवरण अनिवार्य रूपमा सार्वजनिक गर्ने कानुनी प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्छ । दाताको नाम, रकम र मिति सार्वजनिक हुँदा मतदाताले पनि उम्मेदवारको सम्भावित हितसम्बन्ध बुझ्न सक्छन् । यसले उद्योगी, व्यवसायी र शक्तिशाली समूहलाई गोप्य रूपमा पैसा खन्याउने संस्कारलाई निरुत्साहित गर्छ ।

तेस्रो, खर्च विवरण बुझाउने मात्र होइन, त्यसको स्वतन्त्र र प्रविधिमैत्री लेखापरीक्षण अनिवार्य गरिनुपर्छ । निर्वाचन आयोगसँग मात्र होइन, आवश्यक परेमा स्वतन्त्र लेखापरीक्षण निकायसँग सहकार्य गरी खर्चको सत्यता परीक्षण गर्ने व्यवस्था गर्न सकिन्छ । गलत विवरण बुझाएको प्रमाणित भएमा उम्मेदवारको पद स्वतः खारेज हुने व्यवस्था जस्ता कडा प्रावधान बिना प्रणाली सुधार असम्भव देखिन्छ ।

चौथो, राजनीतिक दलको नियमित र निर्वाचन सम्बन्धी आधारभूत खर्चका लागि राज्यबाट सशर्त अनुदान दिने मोडललाई गम्भीर बहसमा ल्याउन आवश्यक छ । धेरै देशमा दललाई सार्वजनिक कोषबाट सहयोग दिने अभ्यास गरिएको छ । यस्तो सहयोग सशर्त, पारदर्शी र लेखापरीक्षणसहित हुने हो भने दलहरू निजी स्रोतमा अत्यधिक निर्भर हुनुपर्ने अवस्था घटाउन सकिन्छ । यसले दललाई आम नागरिकप्रति जवाफदेही बनाउने संरचनागत आधार पनि तयार गर्छ ।

पाँचौं, निर्वाचन आयोगको संस्थागत क्षमता उल्लेखनीय रूपमा सुदृढ गर्नुपर्छ । जनशक्ति, प्रविधि, कानुनी अधिकार र अनुसन्धान क्षमता बिना आयोगले कागजी विवरणभन्दा बाहिरको यथार्थ पत्ता लगाउन सक्दैन । आचारसंहिता पालना गराउन नसकिने अवस्था रहेसम्म नयाँ नियम बनाउनुको अर्थ रहँदैन ।

तर संरचनागत सुधारसँगै मतदाताको भूमिकालाई पनि बेवास्ता गर्न सकिँदैन । पैसा खर्च गरेर भोट किन्ने र उपहार, भोज तथा व्यक्तिगत लाभको आशामा मतदान गर्ने प्रवृत्तिले पनि यही विकृतिलाई मलजल गरिरहेको छ । मतदाताले आफ्नो ठाउँको समस्या बुझ्ने, स्पष्ट नीति र कार्यक्रम बोकेका, आर्थिक र नैतिक रूपमा जिम्मेवार उम्मेदवारलाई प्राथमिकता नदिएसम्म दल र उम्मेदवार दुवैमा सुधारको दबाब सिर्जना हुन सक्दैन ।

दलहरूले पनि जित्न सक्ने उम्मेदवारको नाममा खर्च गर्न सक्नेलाई प्राथमिकता दिने संस्कृतिबाट बाहिर निस्कनुपर्ने समय आएको छ । संगठन निर्माण, नीति निर्माण र जनसरोकारका मुद्दामा आधारित नेतृत्व विकास नगरी केवल आर्थिक स्रोतको भरमा उम्मेदवार छनोट गर्ने अभ्यासले दीर्घकालमा दलहरूकै विश्वसनीयता कमजोर बनाउँदै लैजान्छ ।

निर्वाचनमा हुने अपारदर्शी र अत्यधिक खर्चले राज्य संरचनालाई नै भ्रष्ट बनाउँदै लगेको यथार्थ अब लुकाउन सकिने अवस्था छैन । नीति निर्माण, प्रशासनिक निर्णय, विकास बजेटको बाँडफाँड, ठेक्का प्रणाली र नियमन संयन्त्रमा देखिने विकृतिको गहिरो जरो यहीँ गाडिएको छ । निर्वाचनलाई सुधार नगरी सुशासनको सपना देख्नु आत्मवञ्चना मात्र हुन्छ ।

लोकतन्त्रको रक्षा केवल मतदानको निरन्तरताबाट हुँदैन । लोकतन्त्रको मर्म निर्वाचनको स्वच्छता, पारदर्शिता र निष्पक्षतामा निर्भर हुन्छ । जब निर्वाचन पैसाको प्रभावबाट मुक्त हुँदैन, तब जनताको मत पनि स्वतन्त्र रहँदैन । त्यसैले भ्रष्टाचारको मुहान रोक्ने हो भने सबैभन्दा पहिला निर्वाचन खर्चको अँध्यारो कोठामा उज्यालो पुऱ्याउनैपर्छ । पारदर्शी खाता, खुला दाता विवरण, कडा लेखापरीक्षण, बलियो आयोग र सचेत मतदाता यी सबैको संयोजन बिना चुनावी सुधार सम्भव छैन । यही सुधारमार्फत मात्र निर्वाचनलाई फेरि जनताको आवाजको वास्तविक माध्यम बनाइनेछ र त्यहीँबाट मात्र राज्य संरचना सुशासनतर्फ उन्मुख हुनेछ ।

(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ)

# के बालेन प्रधानमन्त्रीका लागि योग्य छन् ?



सुरेश भट्ट आश्रिन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रधानमन्त्रीका रूपमा प्रस्ताव गरेको बालेन शाह प्रधानमन्त्रीका लागि योग्य पात्र हुन् वा होइनन् भन्ने बहस यतिबेला तीव्र रूपमा चलिरहेको छ ।

झन्डै तीन वर्ष काठमाडौंको मेयरका रूपमा काम गरेर 'टेस्टेड' भएपनि बालेन को हुन् ? कस्ता व्यक्ति हुन् ? उनको राजनीतिक सिद्धान्त के हो ? उनले गर्न खोजेको आर्थिक-सामाजिक रूपान्तरण कस्तो हो ? भन्नेबारे धेरैलाई प्रस्ट जानकारी छैन । काठमाडौंको मेयरका लागि उम्मेदवारी दिएपछि एकाएक चर्चामा आएका बालेन आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र धुव्रादेवी शाहका छोरा हुन् । काठमाडौंको नरदेवीमा जन्मिएका उनी हाल गैरिगाउँ, तीनकुनेका स्थायी बासिन्दा हुन् । उनको पुर्खौली थालो भने मधेस प्रदेशमा रहेको महोत्तरी जिल्ला हो ।

शाहको प्रारम्भिक शिक्षा काठमाडौं नरदेवीमा रहेको जलजला स्कुलबाट भएको हो भने स्कुलपछिको उच्च माध्यमिक तहको अध्ययन काठमाडौं तीनकुनेमा अवस्थित भीएस निकेतनबाट भएको हो । उनको स्नातक तहको अध्ययन काठमाडौंमै रहेको हाइट हाउस कलेजबाट भएको थियो । त्यहाँ उनले सिभिल इन्जिनियरिङको अध्ययन गरेका थिए ।बालेनको आफ्नै नाममा रहेको 'बालेन कन्सल्टिङ र कन्स्टक्सन प्रालि' का उनी सञ्चालकका साथै ऱ्याप ब्याटल गायक हुन् उनी ।

बालेन राजनीतिक पृष्ठभूमिको मान्छे नभए पनि उनले आफूलाई युवाहरू माझ लोकप्रिय बनाएका छन् । सैद्धान्तिक मान्छे नभए पनि उनी राजनीतिमा चासो राख्छन् भन्दा फरक पर्दैन । किनभने काठमाडौं महानगरको निर्वाचनमा रन्जु दर्शनालाई चुनाव जिताउन उनी विवेकशील नेपाली दलसँग नजिक रहेर काम गरिरहेका थिए । बालेन मेयर भएपश्चात उनका सहयोगी अहिलेका गृहमन्त्री ओमप्रकाश अर्याल, भूपदेव शाह, सस्मीत पोखेल र धिरज जोशीहरू विवेकशीलमै थिए । अब कुरा गरौं बालेनको शासनमा काठमाडौंले अभूतपूर्व प्रगति गरेको छ, भनी ब्रान्डिङ गर्न खोजिएको भ्रम र यथार्थ बारे ।

अन्तर्मनदेखि भन्नुपर्दा हिजोको तुलनामा आज काठमाडौं सफा र सुन्दर भएको छ । तर बालेनले मेयर हुनका लागि चुनावी घोषणापत्रमा समावेश गरेका योजनाहरू कुनै पनि साकार भएका छैनन् । उनले आफ्नो तीन वर्षको कार्यकालमा ती योजना सुरु नगरेका मात्र होइनन्, त्यसबारे एक शब्द उच्चारण पनि नगरी मेयर पदबाट राजीनामा गरेका छन् । त्यतिबेला उनले गरेका प्रतिबद्धताहरू किन कार्यान्वयन हुन सकेनन् भनेर काठमाडौंबासीप्रति जबाफदेहीसमेत भएनन् उनी । अर्थात् बाचा गर्ने, काम नगर्ने भन्दा अतिशयोक्ति नहोला ।

### फोहोर व्यवस्थापन र रोजगारी

झट्ट हेर्दा काठमाडौंका सडक र कुनाकाप्चाहरूमा फोहोरको थुप्रो नदेखिएता पनि घोषणापत्रमा उल्लेख गरे अनुसारको प्रतिबद्धता पनि पूरा भएको छैन । काठमाडौं महानगरबाट निस्किने फोहोरबाट जैविक मल बनाउने र त्यसलाई काठमाडौंभित्र मात्र होइन; धादिङ, काभ्रे लगायतका जिल्लामा बिक्री गर्ने दीर्घकालीन योजनामा रत्तीभर काम हुन् सकेन उनको कार्यकालभर । फोहोरबाट पैसा कमाउने र युवाहरूलाई रोजगार दिने कुरा, काममा त परै जाओस् घोषणापत्रमा लेखिएको भन्दा अर्को कुनै पानामा लेख्ने काम समेत भएन ।

कुनैबेला बालेनका अनन्य मित्र समेत रहेका निकोलस भुसाल भन्छन्- 'गफाडीका गफै धेरै' । फोहोर जलाउन ' इन्सिनेरेटर' मेसिन जडान गर्ने कुरा रहेछ तर त्यसको पनि कार्यान्वयन हुन सकेन । र, अहिले पनि बञ्चरेडाँडामा रहने स्थानीयहरु उपत्यका तिर फर्केर धारेहत लगाउने गर्छन । कारण हो- त्यहाँका नागरिकलाई रोजगारी दिन्छौं भन्ने झुटो आश्वासन ।प्रदुषण मुक्त काठमाडौं: विश्वदृष्टिमा आज काठमाडौं प्रदूषित सहरमध्ये एकमा पर्छ । यो कठिन काम गफले मात्रै हुँदैन । तर, पूरा गर्न नसकिने प्रतिबद्धता गर्नु हदैसम्मको झुट हो । सस्तो लोकप्रियताका लागि मिठा गफ र झुटो आश्वासनले मात्रै कसरी बालेन सिटी बन्छ ?

बजेट विनियोजनः काठमाडौं महानगरपालिकाको कुल १५ अर्ब बजेटमध्ये जम्मा ६ अर्ब ७३ करोड खर्च भएको देखिन्छ । उक्त बजेटबाट भौतिक पूर्वाधार विकास, पर्यटन, रोजगार, सम्पदा संरक्षण र गुठीहरूमा चलायमान हुनुपर्ने तर त्यसो हुन् सकेन । अर्थात् उनीसँग बजेट खर्च गर्ने योजना नै छैनन् । न उनीसँग बजेट व्यवस्थापन गर्ने तौरतरिका नै छ । भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति र ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले गरेका कामको दाँजोमा बालेनको काम छायामा पर्छ । आज पनि वसन्तपुर दरबार क्षेत्रको दाँजोमा पाटनको मंगलबजार दरबार क्षेत्र र भक्तपुर दरबार क्षेत्र मनमोहक र सुन्दर छ ।



काठमाडौंका मान्छेसमेत साँझको समय मंगलबजार घुम्न जाँदा आहा भन्छन् । बिदाका दिन भक्तपुर गए मोहित हुन्छन् । यति हुँदाहुँदै पनि बालेन युवा पुस्तामाझ लोकप्रिय हुनुको एउटा कारण हो सामाजिक सञ्जालमा उनको छवि निर्माणमा गरिएको व्यवस्थित लगानी । हामीलाई थाहा छँदै छ, छवि भनेको निर्माण गर्ने कुरा हो । कुनै समय 'गुजरात दंगाका नायक' भनेर चिनिएका नरेन्द्र मोदी पछि 'विकास पुरुष'मा फेरिए । त्यस्तै कुनै समय अमेरिकाले मोस्ट वान्टेड टेरिरिस्टको सूचीमा राखेको सिरियाका वर्तमान राष्ट्रपति अहमद अल-शारा पछि दयावान राष्ट्रपतिमा फेरिए ।

र, यसको अर्को पाटो पनि छ । उनको छवि निर्माणमा पुराना राजनीतिक दलका नेताहरूको शासन गर्ने शैलीले पनि मलजल गरेकै हो । अब कुरा गरौं राजनीतिक चेतनाको । राजनीतिमा रुचि हुनु र राजनीति गर्नु फरक-फरक कुरा हुन् । बालेन नेपाली राजनीतिमा फ्रेस छन् । सिक्दै जालान् । तर, न्यूनतम राजनीतिक संस्कार बालेनमा देखिँदैन । सिंहदरबार जलाइदिन्छु, देशका नेताहरूलाई सिसडोलमा गाडिदिन्छु जस्ता अभिव्यक्तिले उनमा विधि, कानुन, संस्था, प्रक्रिया केही पनि नमान्ने र आफूबाहेक अरू कसैलाई नगन्ने चरित्रलाई उजागर गर्छ ।

बालेनलाई जनताले प्रधानमन्त्री बन्ने मौका देलान् नदेलान् निर्वाचनले फैसला गर्ला । तर रास्वपाले प्रधानमन्त्रीका रूपमा घोषणा गरिसकेपछि पनि उनमा नेतामा हुनुपर्ने साहस, इमान, धैर्यता, सहिष्णुता, समभाव र न्यायिक विवेक देखिँदैन । म नै सर्वोच्च, मेरो लेखाइ नै सर्वमान्य भन्ने मनोवृत्तिबाट बालेन ग्रसित देखिन्छन् । यस्तो डरलाग्दो मानसिकताले देशलाई कता पु-याउला ?

पात्र बदलेर राजनीति बदलिएन भने हामी सुशासनतर्फ होइन कि झन-झन विकराल स्थितितर्फ लम्की रहेका हुनेछौं । मेयर हुँदा गरेका झुटा बाचा कबुलियत जस्तै प्रधानमन्त्री हुनका लागि गरे भने त्यो नागरिकप्रतिको अन्याय मात्रै होइन । जनमतमाथिको धोका हुने निश्चित छ । तर, यसरी सोच्ने र आलोचनात्मक राजनीतिक चेत राख्ने जनता भन्दा सामाजिक सञ्जालको एल्गोरिदमले धेरैलाई उनीहरूकै इकोच्याम्बरमा कैद गरिदिने हो कि भन्ने लाग्छ ।

आउनुस् केही कुरा बालेनमा भएको सैद्धान्तिक ज्ञानबारे चर्चा गरौं चुनावी प्रचार-प्रसारमा जनकपुर पुगेका बालेन एकाएक मधेसवादी देखिए । मेयर हुँदासम्म पहिचान लुकाएका उनी जनकपुर पुगेर पहिचानवादी बने । चुनावी प्रचार-प्रसारमा एकताका माधवकुमार नेपाल भन्थे- बिना ढेउवा के विदेश पठाइदिन्छु । बालेन त्यही सिको गर्दै भन्दैछन्- बिना ढेउवा के विदेश पढ्न पठाइदिन्छु । यहाँनेर उब्जिएको प्रश्न के हो भने बिना पैसा विदेश पढ्न पठाउनलाई हाम्रो स्कुल कलेजले अहिलेको भन्दा शिक्षामा सयौं गुणा गुणस्तर बढाउनुपर्छ । सरकारले पढ्न पठाउने हो भने मधेसका विद्यार्थीलाई मात्रै पठाएर पुग्दैन ।

शैक्षिक योग्यताका हिसाबले आज सिङ्गो मधेस कहाँ छ ? यो पनि बुझ्नु पर्छ । देशभरिका विद्यार्थीलाई विदेश पढ्न पठाउने सम्भाव्यता कति होला ? लोकप्रिय कुरा गरेर लोकप्रियतावादी हुनु भन्दा आफू उभिएको धरातल हेर्नु बेस ।एउटा नेता हुन साइकोलोजिकल विन चाहिन्छ । म लिडर हुन सक्छु कि सक्दिनँ भन्ने मलाई नै थाहा नहुन सक्छ । जनता परिवर्तनका लागि जोसिएका बेला मलाई प्रधानमन्त्री बन्न मन लागेको छ भनेर बोलिदिएर मात्रै पुग्दैन । प्रधानमन्त्री पदका लागि आफू योग्य हो कि होइन भनेर प्रमाणित गर्न आफुप्रति आउने प्रश्नहरुको कसिमा उभिएर परीक्षा दिन सक्नुपर्छ ।

नेपालको राजनीतिमा व्यापारी-राजनीतिज्ञको सम्बन्ध नयाँ होइन । यो पुरानै रोगको नयाँ भेरिएन्ट हो । हिजो राजनीतिक व्यक्तिले व्यापारीसँग कुनै पनि सम्झौता गर्नु हुँदैन स्वार्थ बाझिन्छ भन्ने थियो । लुकिछिपी व्यापारी-राजनीतिज्ञबिच सम्बन्ध चलिरहन्थ्यो । आज खुल्लम-खुल्ला व्यापारीको नगद जिन्सी राजनीतिक व्यक्तिले लिन थाले । त्यो पनि प्रधानमन्त्री पदका लागि । बालेन यो देशको शासन सत्ताको शीर्षमा बस्ने भनेर चुनावी प्रचार-प्रसार गर्दैगर्दा उनको कुनै खास व्यापारीसँगको सम्बन्धले भविष्यको आशंकालाई छताछुल्ल बनाई दिएको छ ।

विगतमा राजनीतिक दल र तिनका नेताहरूले भ्रष्टाचारलाई प्रश्रय दिए । आफू पनि भ्रष्ट बने र कुशासनले देश आक्रान्त बन्यो अब सुशासन चाहियो भन्दै गरेको जेनजी आन्दोलनको मर्मलाई बालेनको डिफेन्डर काण्डले लत्त्याएको मात्रै छैन । कुशासनको दलदलबाट मुलुकलाई त्राण दिन्छौं भनेर सुशासनको नारा दिने पुरानै राजनीतिक संस्कारलाई नयाँ शैलीमा सबैमाझ पस्केको मात्र छ । राजनीतिक विचारका हिसाबले देशका लागि विशिष्ट सैद्धान्तिक ढाँचाहरू के-के हुन्छन् ? सामाजिक सम्झौता के हो ? अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालाई कसरी हेर्ने ? आजको दुनियाँमा यो कसरी अघि बढेको छ ? राज्यले हामीलाई के दिनुपर्छ र हामीले राज्यलाई के दिनुपर्छ ? वैश्विक र आन्तरिक समाजको सम्बन्धमा स्वतन्त्रता र सार्वभौमसत्ताको प्रश्नको अर्थ के हो ? यस्ता कुरा बालेनले आजसम्म न लेखेको देखिन्छ न मिडिया फेस नै गर्छन् ।


जनता के चाहन्छन् भन्दा पनि फेसबुकको स्टाटसमा कस्तो भाषा र मनोविज्ञानलाई ध्यानमा राखेर अभिव्यक्ति दिँदा धेरै बिक्छ भन्नेमा रुचि देखिन्छ । उनलाई संस्थागत नभएर व्यक्तिगत नेतृत्वमा विश्वास छ । व्यक्ति नै बलियो हो, म एक्लैले जनताको खास प्रतिनिधित्व गर्छु भन्ने सोचले बालेनलाई प्रधानमन्त्रीका लागि योग्य व्यक्तिका रूपमा उभ्याउँदैन । उनले प्रधानमन्त्री पद संस्था हो भन्ने बुझ्न खोइ कति समय लाग्ने हो ? वा हामीले त्यस्तै व्यक्ति व्यहोर्नु पर्ने हो त्यो भने समयले नै स्पष्ट पार्ला ।रातोपाटी

# निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गर्न सबैसँग समन्वय गर्न गृहमन्त्री अर्यालको निर्देशन

भक्तपुर। गृहमन्त्री ओमप्रकाश अर्यालले भक्तपुरस्थित मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय र सानोठिमीस्थित बाल सुधार गृहको आइतबार अवलोकन गर्नु भएको छ।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे जानकारी लिन यहाँ आउनुभएका उहाँले भक्तपुरको दरबारस्क्वायरमा स्थापना गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय र ध्यान दिन निर्देशन दिनुभयो। उहाँले प्रमुख जिल्ला अधिकारी र जिल्ला सुरक्षा समितिका पदाधिकारीलाई स्थानीय जनप्रतिनिधिलगायत सबैसँग सहकार्य र समन्वय गर्दै अघि बढ्न निर्देशन दिनुभयो।

मुख्य निर्वाचन अधिकृतसँगको छलफलमा मन्त्री अर्यालले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकार दृढ रहेको भन्दै आवश्यक



मध्यपुरथिमि सिन्टीटारस्थित कृषि विकास बैङ्क तालिम केन्द्रमा सञ्चालन गरिएको भक्तपर क्षेत्र नं २ को निर्वाचन कार्यालयको निरीक्षण गर्नु भएको हो।

मन्त्री अर्यालले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन गर्न गृहले हालै सार्वजनिक गरेको 'सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धिसम्बन्धी अवधारणा, २०८२' लाई कार्यान्वयनमा समन्वय र सहजीकरणको लागि गृह मन्त्रालय तयार रहेको बताउनुभयो। मन्त्री अर्याललाई भक्तपुरका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायतले यहाँको समग्र शान्ति सुरक्षाको अवस्था र निर्वाचनको तयारीबारे जानकारी गराउनुभएको थियो। गृह सचिव, मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखा प्रमुखलगायत उच्च अधिकारीसहितको टोली यहाँ आएको हो।रासस

## प्रतिनिधिसभा सदस्य निर्वाचनः

# आचारसंहिता उल्लंघनका सूचना तथा उजुरीका लागि अलग्गै इमेल

काठमाण्डु। निर्वाचन आयोगले आचारसंहिता उल्लङ्घनसम्बन्धी सूचना तथा उजुरीका लागि अलग्गै इमेलको व्यवस्था गरेको छ।

आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी जानकारी दिन आयोगले साप्ताहिक रूपमा आयोजना गर्ने गरेको पत्रकार सम्मेलनका अवसरमा आइतबार सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले आचारसंहिता उल्लङ्घनका घटनाबारे नागरिकले प्रमाणसहित उजुरी दिनसक्ने गरी अलग्गै इमेलको व्यवस्था गरिएको जानकारी दिनुभयो। त्यसका लागि भअल।अयअ२भभिअतष्यल। नयख।लउ मा इमेलमा उजुरी पठाउन सकिने र त्यसरी उजुरी गर्नेको पहिचान गोप्य राखी आवश्यक कारबाही अगाडि बढाउने उहाँले बताउनुभयो।



जिल्ला आचारसंहिता अनुगमन समितिले समेत जिल्ला-जिल्लामा यस्ता अलग्गै इमेलको व्यवस्था गरेको प्रवक्ता भट्टराईले बताउनुभयो। आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारीअन्तर्गत गत हप्ता संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जिइओसी) स्थापना, निर्वाचन आचारसंहिता कार्यान्वयन, निजी क्षेत्रका छाता संस्थाहरूसँग छलफल, कल सेन्टरमार्फत सरोकार भएकाहरूका जिज्ञासा सम्बोधनलगायत कार्यसम्पादन गरिएको पनि पत्रकार सम्मेलनमा जानकारी दिइयो।

**संयुक्त निर्वाचन सञ्चालन केन्द्र सञ्चालन**

निर्वाचन अनुगमन निर्देशिकाको दफा ११ मा भएको व्यवस्थाअनुसार निर्वाचन आयोगमा संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरिएको छ। आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यही माघ ११ गते केन्द्रको उद्घाटन गर्नुभएको थियो।

आयोगका सचिवको संयोजकत्वमा सञ्चालन भएको सो केन्द्रमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभागलगायतका निकायका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको प्रतिनिधित्व रहेको छ। केन्द्रले निर्वाचन सम्बन्धमा जिल्ला तथा निर्वाचन क्षेत्रस्तरबाट प्राप्त सूचना विश्लेषण र समस्याहरू पहिचान गरी समाधानका लागि सहजीकरण गरिरहेको जनाइएको छ।

**तोकियो जिल्ला आचारसंहिता अनुगमन अधिकृत**

जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि आचारसंहिता अनुगमन अधिकृत तोकिएका छन्। निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेक अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न जिम्मेवारी दिइएको हो।

यसरी जिम्मेवारी दिइएको आचारसंहिता अनुमगन अधिकृतहरूले सरोकार भएकाहरूलाई आचारसंहिताबारे जानकारी गराउने काम गरिरहेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ। यसैगरी आचारसंहिता पालनाका लागि प्रतिबद्धता गराउने, जिल्लामा क्रियाशील राजनीतिक दल, उम्मेदवार, सञ्चारकर्मी र सरोकार भएकाहरूबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने, आचारसंहिता पालना भए, नभएकाबारे अनुगमन गर्ने, प्राप्त उजुरी तथा सूचनाका आधारमा सम्बन्धित व्यक्ति/संस्थालाई स्पष्टीकरण सोध्नेलगायत कार्य भइरहेका आयोगका प्रवक्ता भट्टराईले बताउनुभयो।

**उम्मेदवारका लागि बैङ्क खाता**

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेका व्यक्ति र राजनीतिक दलहरूलाई निर्वाचन खर्च प्रयोजनाका लागि छुट्टै बैङ्क खाता सञ्चालनको व्यवस्था गरेको छ। त्यस लागि नेपाल राष्ट्र बैङ्कलाई पत्राचार र निर्वाचन अभियान बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि तर्जुमा गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १६ को खण्ड (ख) बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन अभियानका क्रममा गर्ने आम्दानी र खर्चलाई व्यवस्थित र पारदर्शी बनाउन राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्क तथा वित्तीय संस्थामा राजनीतिक दल तथा उम्मेदवारले अलग-अलग खाता खोलेर त्यसमार्फत रकम प्राप्त गर्ने र खर्च गर्ने व्यवस्था गरिएको जनाइएको छ।

खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धमा 'निर्वाचन अभियान बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२' तयार गरी सोहीअनुसार सहजीकरणका लागि राष्ट्र बैङ्कमा पत्राचार गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो।

केन्द्रीय आचारसंहिता अनुमगन समितिले दल तथा उम्मेदवारका क्रियाकलाप नजिकबाट हेरिरहेको जनाएको छ। प्राप्त उजुरीका आधारमा कारबाही अघि बढाइएको पनि आयोगले जनाएको छ। समितिमा हालसम्म प्राप्त भएका २१ वटा उजुरीका सम्बन्धमा राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकामा १२ वटाको जवाफ प्राप्त भएको जनाइएको छ। समितिमा प्राप्त बाँकी उजुरीहरू अध्ययनका क्रममा रहेको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

**प्रत्यक्षतर्फ एघार जिल्लाको मतपत्र छपाइ सम्पन्न**


आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ हालसम्म ११ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको छ। प्रत्यक्षतर्फ सुदूरपश्चिमका तीन र कर्णालीका आठ गरी ११ जिल्लाको मतपत्र छपाइ सम्पन्न भई ढुवानीको प्रक्रिया सुरु गरिएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

सुदूरपश्चिम प्रदेशका बाजुरा, अछाम र डोटी, कर्णाली प्रदेशअन्तर्गत दैलेख, जाजरकोट, कालीकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा र रुकुमपश्चिमका लागि मतपत्र छपाइ सम्पन्न भई ढुवानीका लागि तयार गरिसकिएको उहाँले बताउनुभयो।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हालसम्म २५ जिल्लाका लागि करिब ३० लाख मतपत्र छपाइ गरिएको पनि आयोगले जनाएको छ। तीमध्ये १६ लाख २१ हजार मतपत्र प्याकिङ भइसकेको छ।समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ लाख मतपत्र यसअघि नै छपाइ सकिएको छ। प्रत्यक्षतर्फ मतपत्र पनि छपाइ सकेर फागुन दोस्रो सातासम्म सम्बन्धित जिल्ला एवम् निर्वाचन क्षेत्रमा पठाइने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।रासस

# ग्रामीण क्षेत्रमा चुनावी चहलपहल

पर्वत। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गएको छ। निर्वाचनको मिति नजिकिएसँगै राजनीतिक दल र उम्मेदवार गाउँ केन्द्रीत बनेका छन्। मतदातासँग भेटघाट गर्ने, आफ्ना विचार, सिद्धान्त र कार्ययोजना सुनाउनाले र मतप्रभावित पार्ने काममा उम्मेदवार सक्रिय बनेका छन्। जिल्लामा १३ वटा राजनीतिक दलका उम्मेदवार चुनावी मैदानमा उत्रिएका हुन्।नेपाली कांग्रेसबाट अर्जुनप्रसाद जोशी चुनावी मैदानमा आउँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट पदम गिरी प्रतिस्पर्धामा उत्रिनुभएको छ। नेपाली कम्युनिष्ट पार्टीबाट मनहरि शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सागर भुसाल उम्मेदवार हुनुहुन्छ।




कांग्रेसले पिपलटारी, एमालेले दुर्लुङ, नेपाली कम्युनिष्ट पार्टीले राम्जादेउराली र राष्ट्रिय स्वतन्त्र पार्टीले फलेवासबाट आफ्नो चुनावी अभियान थालेका छन्। अहिले सबै दलका उम्मेदवार टोलटोलमा पुग्नुका साथै घरदैलो गरिरहेका छन्। केही मतदाताले स्थानीय समस्यासँगै मुलुकमा बढ्दै गएको बेथिति, भ्रष्टाचारको अन्त्य गर्न माग गरेका छन् भने अन्य मतदाताले सडक स्तरोन्नति, बाँदर आतङ्क नियन्त्रण, सिँचाइ, गुणस्तरीय स्वास्थ्य सुविधा, रोजगारीको अभावलगायत माग उम्मेदवारसँग राखिरहेका छन्।

पर्वतका सातवटा पालिकाका ६१ वडामध्ये सबै पालिकामा कालोपत्रसहित सडकको पहुँच विस्तार भएको छ भने अधिकांश वडाका सडकमा कालोपत्र भइसकेको छ। अब टोल र बस्तीसम्म पनि गुणस्तरीय सडक निर्माण गर्न स्थानीयले माग गरेका छन्।

ग्रामीण क्षेत्रमा सबैभन्दा चुनौती र जटिल विषय बाँदर आतङ्क भएकाले सोको समाधानका लागि प्रभावकारी कदम चाल्न स्थानीयले माग गरेका छन्। उम्मेदवारका घोषणापत्रमा पटकपटक बाँदर आतङ्क नियन्त्रण गर्ने कार्ययोजना समेटिए पनि अहिलेसम्म कसैले कार्यान्वयनमा ल्याउन सकेका छैनन्। यसका लागि प्रभावकारी कानुन नबन्दा समस्या भएकाले आगामी दिनमा कानुन निर्माण गरी अघि बढ्नुपर्ने उम्मेदवारको भनाइ छ।

कांग्रेसका उम्मेदवार जोशीले पार्टीलाई रुपान्तरण गरेसँगै अब जिल्ला र समग्र मुलुकलाई रुपान्तरण गर्न आफू चुनावी मैदानमा आएको बताउनुभयो। आफूले पाँच दशक लामो राजनीतिक यात्रामा धेरै अनुभव हासिल गरेको बताउँदै उहाँले नयाँ पुस्ताको मागअनुसार अघि बढ्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। ठूला र असम्भव, महत्वकाङ्क्षी योजना नभई जनताका आवश्यकता र चाहाना बमोजिमका काम गर्न आफूले उम्मेदवारी दिएको उहाँको भनाइ छ।

एमालेका उम्मेदवार गिरीले आफूले अघिल्ला दुई कार्यकालमा जिल्लाको विकास निर्माणका लागि धेरै काम गरेको जनाउँदै केही काम पूरा गर्न बाँकी रहेकाले पुनः उम्मेदवारी दिएको बताउनुभयो। नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार शर्माले समग्र पर्वतको विकासका लागि योजनाबद्धकामगर्नुपर्नेआवश्यकता औँल्याउनुभयो। शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, स्वरोजगार, पूर्वाधार, औद्योगिकरणसँगै बाँदर नियन्त्रणलगायत योजनाको खाका आफूसँग रहेको उहाँको भनाइ छ। राष्ट्रिय स्वतन्त्र पार्टीका भुसालले अहिले मुलुकमा भइरहेको शासन व्यवस्थाको विकल्पमा नीति र विधि परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा माओवादी, राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी, मङ्गोल नेसनल पार्टी, आमजनता पार्टी, नेसनल रिपब्लिक नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टीलगायत दलले पनि आफ्ना चुनावी गतिविधिलाई सुक्ष्म रूपमा सञ्चालन गरिरहेका जानकारी दिएका छन्। आगामी निर्वाचनमा यहाँबाट एक लाख २५ हजार ४६६ मतदाता रहेका छन् भने ७६ मतदानस्थल र १५१ मतदान केन्द्र कायम गरिएको छ।रासस

# कोरियन कस्मेटिकले नेपाली बजारमा नयाँ सम्भावना बोकेको छः राजदूत पार्क ताइयोङ

काठमाण्डु। नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताइयोङले कोरियन कस्मेटिक उत्पादनले नेपाली बजारमा नयाँ सम्भावना बोकेको बताउनुभएको छ।

कोरियन कच्चापदार्थ र कोरियन प्रविधिको प्रयोगबाट नेपालमै उत्पादन गरिएको कोरियन कस्मेटिक ब्रान्ड 'ओरा' को आइतबार सार्वजनिक कार्यक्रममा राजदूत पार्कले कोरियन कस्मेटिक नेपालमा सफल रूपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले दुई देशबीच व्यापार, प्रविधि र श्रम क्षेत्रका साथै उत्पादनमूलक सहकार्यको ठूलो सम्भावना रहेको उल्लेख गर्दै यस्ता पहलले कोरिया-नेपाल द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने धारणा व्यक्त गर्नुभयो।



कार्यक्रममा एनके कस्मेटिकका अध्यक्ष विनोद कुँवरले 'नेपालमै केही गरौँ' भन्ने उद्देश्यका साथ ओरा प्रोडक्ट नेपालमा भित्र्याइएको बताउनुभयो। व्यापार मात्र नभई रोजगारी सिर्जना गर्ने लक्ष्यसहित यो पहल गरिएको उहाँको भनाइ थियो। नेपाली बजारको आवश्यकता, उपभोक्ताको छाला र मौसमअनुकूल उत्पादन विकासमा विशेष ध्यान दिइएको अध्यक्ष कुँवरले स्पष्ट पार्नुभयो।

एनआरएनका अध्यक्ष बद्री केसीले नेपाल र कोरियाबीचको दुई पक्षीय सहकार्यले देशलाई आर्थिक रूपमा सबल बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। एनआरएनका पूर्वअध्यक्ष कुल आचार्यले विदेशमा रहेका नेपाली नेपालमै प्रविधि र लगानी भित्र्याउन इच्छुक रहेको उल्लेख गर्दै सरकारी प्रक्रिया अझ सहज र लगानीमैत्री हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपाली जीवनशैली र वातावरणलाई ध्यानमा राखी तयार पारिएको ओरा कोरियन कस्मेटिकले नेपालमा उत्पादन, रोजगारी र प्रविधि हस्तान्तरणमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।रासस

# कांग्रेसमा अब कुनै गुट छैनः प्रदेश सभापति शर्मा



लेखनाथ। नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले विशेष महाधिवेशनपछि नेपाली कांग्रेसमा कुनै गुट नभएको र पार्टीको जिम्मेवारी युवाको काँधमा गएको बताउनुभएको छ।

नेपाली कांग्रेस कास्की क्षेत्र नं २ को पोखरा-८ सिमलचौरस्थित चुनाव प्रचारप्रसार समितिको सम्पर्क कार्यालयको आइतबार उद्घाटन गर्दै उहाँले नेपाली कांग्रेसमा अब कुनै गुट नभएकाले सबै मिलेर आफ्ना उम्मेदवारलाई विजयी गराउनुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेस सुशासन, समृद्धि, महङ्गी नियन्त्रण गर्ने अभियानमा सधैँ लागिरहेको उल्लेख गर्दै उहाँले युवाका मागलाई सम्बोधन गर्दै कांग्रेस अगाडि बढ्ने बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाली कांग्रेस खुला किताब हो, यहाँ जुनसुकै मानिस पनि स्वतन्त्र रुपमा आफ्ना हरेक गतिविधि गर्नसक्ने वातावरण कांग्रेसमा मात्र छ।"

कांग्रेसकोतर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ बाट उम्मेदवार बन्नुभएका माधवप्रसाद बाँस्तोलाले नेपाली कांग्रेसले जेनजीका मागलाई समेटेर अगाडि बढ्ने बताउँदै कांग्रेस पार्टी सभापति पनि युवालाई नै सुम्पिएको बताउनुभयो। कांग्रेस कास्की क्षेत्र नं २ का सभापति केशर निर्दोषीले बदलिएको कांग्रेस। रासस

# चुनाव प्रचारप्रसारमा रेडक्रसको चिह्न प्रयोग नगर्न आग्रह

काठमाण्डु। नेपाल रेडक्रस सोसाइटीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रचारप्रसारका क्रममा रेडक्रसको चिह्न प्रयोग गर्न आग्रह गरेको छ। आइतबार महामन्त्री मीनबहादुर मल्लले जारी गर्नुभएको विज्ञप्तिमा रेडक्रसको चिह्न जेनेभा महासन्धीअनुसार अन्तरराष्ट्रिय रूपमा संरक्षित मानवीय सेवाको प्रतीक भएकाले राजनीतिक, धार्मिक वा वैचारिक उद्देश्यका लागि रेडक्रसको चिह्नको प्रयोग गर्न निषेध गरिएको उल्लेख छ।



"आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारमा समर्थन वा विरोध जनाउने उद्देश्यले रेडक्रसको चिह्न, नाम, चिह्न अङ्कित पोसाक वा पहिचान प्रयोग गरिएको गतिविधि देखिएमा यसले रेडक्रस अभियानको निष्पक्षता, तटस्थता, स्वाधीनता र विश्वसनीयतामा गम्भीर असर पार्ने स्पष्ट छ", विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमार्फत रेडक्रसका स्वयंसेवक तथा कर्मचारीलाई कुनै पनि चुनावी प्रचारप्रसारमा रेडक्रस चिन्ह अङ्कित सामग्री प्रयोग गरी संलग्न नहुन पनि आग्रह गरिएको छ। यदि कुनै रेडक्रस पदाधिकारी निर्वाचनमा उम्मेदवार भएको भए रेडक्रसबाट अलग भएको घोषणा गर्न पनि आग्रह गरिएको छ।

रेडक्रसले आफ्ना पदाधिकारी तथा कर्मचारीलाई कुनै पनि राजनीतिक दल, उम्मेदवार वा व्यक्तिको पक्ष वा विपक्षमा समर्थन वा विरोध नगर्न, सामाजिक सञ्जाल, सार्वजनिक कार्यक्रम, प्रदर्शन वा अन्य कुनै माध्यमबाट रेडक्रस अभियानलाई राजनीतिक रूपमा नजोडिन, रेडक्रसको सम्पत्ति, स्थान, कार्यालय कुनैपनि राजनीतिक दलको प्रचारप्रसारलाई सहयोग पुग्ने गरी उपलब्ध नगराउनु पनि अनुरोध गरेको छ।रासस

# नेकपा (माओवादी) को घोषणापत्र सार्वजनिक



काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टी (माओवादी) ले गरिब जनताको आर्थिक स्थिति माथि उठाउने गरी राज्यका आर्थिक नीतिहरु हुनुपर्नेलगायत विषय समेटेर आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको छ।

सो पार्टीले आइतबार पत्रकार सम्मेलन गरी महासचिव नेत्रविक्रम चन्द्र 'विप्लव' को उपस्थितिमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको हो। शान्तिपूर्ण राजनीतिमा आएपछि पहिलो पटक निर्वाचनमा भाग लिएको सो दलले पुँजीवादी, दलाल र साम्राज्यवादी नीति र संस्कृतिको अन्त्य गर्दै धनी र गरिबबीचको खाडल अन्त्यको सङ्कल्प गरेको छ। महासचिव चन्दले शिक्षा र स्वास्थ्यलाई सर्वसुभल बनाउने र रोजगारीको सुनिश्चितता गर्ने, निजी क्षेत्रलाई आफूखुसी शुल्क तोकेर जथाभावी गर्न छुट दिन नहुने बताउनुभयो। उहाँले कृषिलाई आत्मनिर्भर तथा विज्ञान र प्रविधिका क्षेत्रमा लगानी बढाउन र युवालाई आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो। व्यापार र लगानी बढाएर मुलुकलाई समृद्ध बनाउने प्रतिबद्धता सो पार्टीले गरेको छ।रासस

# अफगान फर्केकाहरूको कठोर वास्तविकता

एएफपी

काबुल । घरेलु द्वन्द्व, असुरक्षा र गरिबीबाट ज्यान जोगाउँदै दशकौँअघि छिमेकी मुलुकतर्फ गएका लाखौँ अफगान नागरिक अहिले पुनः आफ्नो देश फर्कन बाध्य छन् । लामो समयसम्म शरण दिएका पाकिस्तान र इरानले पछिल्लो समय निर्वासन प्रक्रिया तीव्र पारेपछि लाखौँ अफगान सीमापार फर्किएका छन् ।



परिवारसहित सीमामा आइपुगेका वा एक्लै फर्किएका सबैका लागि गरिबी, कमजोर पूर्वाधार र वातावरणीय समस्याले घेरिएको अफगानिस्तानमा नयाँ जीवन सुरु गर्नु ठूलो चुनौती बनेको छ । फर्किएपछि उनीहरूले भोग्नुपरेका मुख्य कठिनाइहरू के-के छन् भन्ने विषयमा एएफपीले स्थलगत अवस्था समेटेको छ ।

आप्रवासनका लागि अन्तर र्राष्ट्रिय सङ्गठन (आइओएम) का अनुसार सन् २०२३ को सेप्टेम्बरदेखि अहिलेसम्म इरान र पाकिस्तानबाट ५० लाखभन्दा बढी अफगान नागरिक स्वदेश फर्किएका छन् । आइओएमका अफगानिस्तानस्थित उपप्रमुख मुत्या इजोरा मास्कुनका अनुसार यो सङ्ख्या देशको कुल जनसङ्ख्याको करिब १० प्रतिशत बराबर हो । गत वर्ष मात्रै करिब ३० लाख अफगानले सीमा पार गरी स्वदेश फर्किएका थिए । तीमध्ये धेरैले विदेशमा दशकौँ बिताएका थिए । यति ठूलो सङ्ख्यामा मानिसको आगमन कुनै पनि देशका लागि व्यवस्थापन गर्न अत्यन्त गाह्रो हुने मास्कुनको भनाइ छ ।फर्किएपछि आवास सबैभन्दा गम्भीर समस्या बनेको छ । सेप्टेम्बर २०२३ देखि डिसेम्बर २०२४ को बीचमा फर्किएका एक हजार ३३९ आप्रवासीहरूमाथि गरिएको आइओएमको सर्वेक्षणअनुसार अफगानिस्तान आइपुगेको केही महिनापछि ८० प्रतिशत मानिससँग स्थायी घर थिएन । उनीहरू ढुङ्गा, माटो वा अस्थायी सामग्रीबाट बनाइएका झुपडीमा बस्न बाध्य थिए ।

यस्तै, संयुक्त राष्ट्र शरणार्थी एजेन्सी (युएनएचसिआर) ले गत वर्ष जनवरीदेखि अगस्टसम्म फर्किएका अफगानहरूसँग गरेको अर्को सर्वेक्षणले पनि अवस्था कठिन रहेको देखाएको छ । सर्वेक्षणमा सहभागी तीन चौथाइ भाडामा बस्ने परिवारले भाडा तिर्न नसक्ने अवस्था रहेको बताएका थिए । धेरैजसो परिवारहरू चार जनासम्म एउटै कोठामा बस्न बाध्य रहेको तथ्य एक हजार ६५८ फर्केका व्यक्तिको विवरणबाट खुलेको छ।

रोजगारीको अवस्था झनै निराशाजनक छ । आइओएमको सर्वेक्षणअनुसार पाकिस्तान र इरानबाट फर्किएका वयस्कमध्ये केवल ११ प्रतिशत मात्रै पूर्ण रूपमा रोजगारीमा छन् । युएनएचसिआरका अनुसार गत वर्षको सुरुका महिनामा फर्किएका मानिसहरूको औसत मासिक आम्दानी २२ डलरदेखि १४७ डलरसम्म मात्र थियो । यो आम्दानीले परिवारको आधारभूत आवश्यकता पूरा गर्नसमेत कठिन भएको देखिन्छ ।

आवास र रोजगारीसँगै आधार भूत सेवाको अभाव पनि ठूलो चुनौती बनेको छ। आइओएमका अनुसार फर्किएका आधाभन्दा बढी घरपरिवारमा स्थिर बिजुली आपूर्ति छैन । विशेषगरी महिलाको नेतृत्वमा रहेका घरपरिवारहरू अझ बढी जोखिममा छन् । यस्ता घरपरिवारमध्ये करिब आधाले सुरक्षित पिउने पानीको पहुँच पाउन गम्भीर सङ्घर्ष गरिरहेको आइओएमले जनाएको छ ।सरकारले फर्केकाहरूका लागि केही राहत उपाय अघि बढाएको जनाएको छ । अफगान सरकारका उपप्रवक्ता हमदुल्ला फितरातले जनवरीको मध्यतिर देशभर फर्किएका नागरिकलाई तीन हजारभन्दा बढी जग्गा वितरण गरिएको जानकारी दिनुभएको थियो । सर्वोच्च नेतासँग भएको विशेष बैठकपछि यो प्रक्रिया थप तीव्र बनाइएको उहाँको भनाइ छ ।

अफगानिस्तान प्रवेश गरेपछि फर्किनेहरूले सामान्यतया यातायात खर्च, सिम कार्ड र केही नगद सहयोग पाउने गरेका छन् । तर यति ठूलो सङ्ख्यामा फर्किरहेका नागरिकका लागि यी सहायता पर्याप्त नभएको स्थानीय अवस्था र अन्तर्राष्ट्रिय संस्थाहरूको मूल्याङ्कनले देखाएको छ । दीर्घकालीन पुनःस्थापना, रोजगारी र आधार भूत सेवामा ठोस सुधार नभएसम्म फर्केकाहरूको जीवन अझै कठिन रहने सङ्केत स्पष्ट देखिन्छ ।

# महिला टी २० विश्वकप छनोट प्रतियोगिता सम्पन्न



कीर्तिपुर । आइसिसी महिला टी २० विश्वकप ग्लोबल छनोट प्रतियोगिता सम्पन्न भएको छ ।

आइतबार त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा सुपर सिक्स चरणको अन्तिम खेलमा स्कटल्यान्डले संयुक्त राज्य अमेरिकालाई ४१ रनले पराजित गरेसँगै प्रतियोगिता सम्पन्न भएको हो ।

यससँगै आगामी वर्ष बेलायत र वेल्समा आयोजना हुने विश्वकप खेल्ने चार टोलीको टुङ्गो लागेको छ । चार टोलीमा बङ्गलादेश, आयरल्यान्ड, स्कटल्यान्ड र नेदरल्यान्ड रहेको छन् । आइतबार सुरुमा टस जितेर ब्याटिङ रोजेको स्कटल्यान्डले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १७८ रन बनाएको थियो । यसका लागि डारकेइ कार्टरले सर्वाधिक ५२ तथा अलिसा लिस्टरले ४३ रन बनाएकी थिइन् ।

जवाफी ब्याटिङमा उत्रिएको अमेरिकाले १९ ओभरमा सबै विकेट गुमाएर १३७ रन मात्रै बनाउन सक्यो ।छनोट प्रतियोगितामा नेपाली महिला क्रिकेट टोली भने समूह चरणका चार खेलमध्ये तीनमा हार र एकमा जितको नतिजा निकाल्दै समूह ‘बी’ का पाँच देशमध्ये चौथो स्थानमा रह्यो । नेपालसहित १० देशका महिला टोली सहभागी प्रतियोगितामा त्रिवि क्रिकेट रङ्गशाला र मूलपानी क्रिकेट मैदानमा गरी २९ खेल भएका थिए । बङ्गलादेशकी कप्तान ज्योति सुल्ताना ‘प्लेयर अफ दी टुर्नामेन्ट’ घोषित भइन् भने प्रतियोगितामा स्कटल्यान्डकी ग्याबि लुइस उत्कृष्ट ब्याटर तथा अमेरिकी तारा नोरिश उत्कृष्ट बलर घोषित भइन् । प्रतियोगिताका चारवटै खेल जितेर १० अङ्क हासिल गरेको बङ्गलादेशले ट्रफी प्राप्त गरेको छ ।रासस

# भेनेजुएलाको तेल किन्न भारतसँग सम्झौता भइसकेको ट्रम्पको दाबी

एएनआई

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले भेनेजुएलाको तेल किन्नका लागि पहिले नै सम्झौता गरिसकेको दाबी गर्नुभएको छ । साथै उहाँले चीनलाई पनि भेनेजुएलाको तेल किन्न खुला रूपमा आग्रह गर्नुभएको छ ।

एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले चीनलाई भेनेजुएलाको तेलमा ठूलो सम्झौता गर्न स्वागत रहेको बताउनुभयो । उहाँले भारत चाँडै भेनेजुएलाको तेल खरिद प्रक्रियामा प्रवेश गर्ने र इरानबाट तेल किन्नुको सट्टा भेनेजुएलाबाट आयात गर्ने योजना बनेको उल्लेख गर्नुभयो । उहाँका अनुसार यस विषयमा सम्झौताको अवधारणा पहिल्यै तयार भइसकेको छ ।“हामीले पहिले नै एउटा सम्झौता गरिसकेका छौँ । भारत आउँदैछ र उनीहरूले इरानबाट किन्नुको सट्टा भेनेजुएलाको तेल किन्न जाँदैछन् । त्यसैले हामीले सम्झौताको ढाँचा बनाइसकेका छौँ”, ट्रम्पले भन्नुभयो । उहाँले चीनलाई पनि भित्र आएर तेल किन्न स्वागत रहेको दोहोऱ्याउनुभयो ।



तर भारत सरकारले अहिलेसम्म राष्ट्रपति ट्रम्पको यस टिप्पणीबारे औपचारिक प्रतिक्रिया दिएको छैन ।यसअघि राष्ट्रपति ट्रम्पले भेनेजुएलाले अमेरिकालाई पाँच अर्ब २० करोड अमेरिकी डलर बराबरको पाँच करोड ब्यारेल तेल प्रस्ताव गरेको र त्यसमा सहमति भइसकेको दाबी गर्नुभएको थियो । साउदर्न बुलेभार्डको नाम परिवर्तन गरी डोनाल्ड ट्रम्प बुलेभार्ड बनाउने विषयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले नयाँ नेतृत्वसँग निरन्तर संवाद भइरहेको बताउनुभयो ।

“हामी नयाँ राष्ट्रपतिसँग र देश सञ्चालन गर्ने अन्य व्यक्तिहरूसँग कुरा गरिरहेका छौँ । उनीहरूले भने, हामीसँग पाँच करोड ब्यारेल तेल छ र यसलाई तुरुन्तै प्रशोधन गर्नुपर्छ किनकि भण्डारणको ठाउँ छैन । के तपाईँ लिनुहुन्छ ? मैले भनेँ, हामी लिन्छौँ”, ट्रम्पले भन्नुभयो । उहाँका अनुसार उक्त तेलको मूल्य पाँच अर्ब २० करोड अमेरिकी डलर बराबर पर्छ ।

राष्ट्रपति ट्रम्पले भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरोलाई सैन्य कारबाहीमार्फत पक्राउ गरेपछि बनेको अन्तरिम सरकारसँग अमेरिकाको सम्बन्ध राम्रो रहेको पनि उल्लेख गर्नुभयो । “हामी अन्तरिम राष्ट्रपति रहेका व्यक्ति र अन्य सबैसँग राम्रो सम्बन्धमा छौँ । धेरै दबाब कम भएको छ”, उहाँले भन्नुभयो ।मदुरोको नियन्त्रण अन्त्य भएपछि ट्रम्पले वासिङ्टनले भेनेजुएलालाई सङ्क्रमणकालमा सहयोग गर्ने र तेलसहित अन्य स्रोतमा पूर्ण पहुँच चाहेको स्पष्ट पार्नुभएको थियो ।

राष्ट्रपति ट्रम्पको पछिल्लो टिप्पणीले न्युयोर्कस्थित समाचार संस्था सेमाफोरको हालैको रिपोर्टलाई पनि पुष्टि गरेको छ । उक्त रिपोर्टअनुसार अमेरिकाले भेनेजुएलाको तेलको पहिलो बिक्री गरेको छ, जसको मूल्य करिब ५० करोड अमेरिकी डलर छ । सेमाफोरका अनुसार तेल बिक्रीबाट प्राप्त हुने रकम हाल अमेरिकी सरकारको नियन्त्रणमा रहेको बैंक खातामा राखिएको छ । प्रशासनका एक अधिकारीले शुक्रबार जारी आदेशमा यसको सङ्केत गरेको र अर्का वरिष्ठ अधिकारीका अनुसार मुख्य खाता कतारमा अवस्थित रहेको जनाइएको छ ।

# इरानद्वारा इयु सेनालाई आतङ्कवादी घोषणा

एपी

दुबई । इरानका सभामुख मोहम्मद बाघेर कालिबाफले आइतबार इस्लामिक गणतन्त्रले अब सबै युरोपेली सङ्घ (इयु) का सेनालाई आतङ्कवादी समूह मानेको बताउनुभएको छ । इयुले इरानको अर्धसैनिक क्रान्तिकारी गार्डलाई आतङ्कवादी समूह घोषणा गरेपछि यो प्रतिक्रिया आएको हो । इयुको घोषणा देशव्यापी विरोध प्रदर्शनमाथि भएको रक्तपातपूर्ण दमनको सन्दर्भमा गरिएको थियो ।



पूर्व गार्ड कमान्डर समेत रहनुभएका संसद अध्यक्ष मोहम्मद बाघेर कालिबाफले यो पदनाम व्यवहारिकभन्दा बढी प्रतीकात्मक हुने सम्भावना रहेको बताउनुभयो । सन् २०१९ मा संयुक्त राज्य अमेरिकाले क्रान्तिकारी गार्डलाई आतङ्कवादी समूह घोषणा गरेपछि इरानले त्यही कानून प्रयोग गर्दै अन्य राष्ट्रका सेनालाई पनि आतङ्कवादी सूचीमा राख्ने व्यवस्था गरेको स्मरण गराइएको छ ।

यो घोषणा मध्यपूर्वमा बढ्दो तनावको पृष्ठभूमिमा आएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध सम्भावित सैन्य कारबाहीबारे विचार गरिरहनुभएको सन्दर्भमा क्षेत्रीय अवस्था थप संवेदनशील बनेको छ । इरानले पर्सियन खाडीको रणनीतिक होर्मुज जलडमरूमध्यमा आइतबार र सोमबार प्रत्यक्ष फायर सैन्य अभ्यास गर्ने योजना बनाएको छ । यही जलडमरूमध्यबाट विश्वको करिब पाँचौँ भाग तेल व्यापार आवागमन हुन्छ ।

संसद् बैठकमा कालिबाफ र अन्य सांसदहरू क्रान्तिकारी गार्डप्रतिको समर्थन जनाउँदै गार्डको वर्दीमा उपस्थित थिए । ब्यालेस्टिक मिसाइल कार्यक्रमको नियन्त्रणसमेत गर्ने र देशभित्र विशाल आर्थिक प्रभाव राख्ने क्रान्तिकारी गार्डले इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनीलाई मात्र जवाफ दिने गर्छ ।“युरोपमा आतङ्कवाद फैलिन नदिने सबैभन्दा ठुलो बाधा बनेको गार्डमाथि आक्रमण गर्न खोज्दा युरोपेलीहरूले आफ्नै खुट्टामा गोली हानेका छन्”, कालिबाफले भन्नुभएको छ । उहाँका अनुसार युरोपेली नेताहरूले फेरि एकपटक अमेरिकीहरूप्रति अन्धो आज्ञाकारिता देखाउँदै आफ्नै जनताको हितविरुद्ध निर्णय गरेका छन् ।

सत्रका क्रममा सांसदहरूले ‘ अमेरिका मूर्दावाद’ र ‘इजरायल मूर्दावाद’ भन्ने नारा पनि लगाएका थिए ।अमेरिकी राष्ट्रपति ट्रम्पले इरानविरुद्ध सैन्य कारबाहीका लागि दुई वटा सर्त अघि सारेको बताइएको छ । ती सर्तमा शान्तिपूर्ण प्रदर्शनकारीहरूको हत्या वा प्रदर्शनसँग सम्बन्धित व्यक्तिहरूलाई सामूहिक मृत्युदण्ड दिने अवस्था सिर्जना हुनु समावेश छन् । यसका साथै उहाँले इरानको आणविक कार्यक्रमबारे पनि बढ्दो चासो व्यक्त गर्नुभएको छ । जुन कार्यक्रमका विषयमा इजरायलले इरानसँग १२ दिनको युद्ध सुरु गर्नुअघि अमेरिकाले तेहरानसँग विभिन्न चरणमा वार्ता गरेको थियो । युद्धका क्रममा अमेरिकाले इरानका तीन वटा आणविक स्थलमा बम आक्रमण गरेको थियो । तीमध्ये दुई स्थलमा इरानले उपग्रहको दृश्य अस्पष्ट पार्ने प्रयास गरिरहेको हुनसक्ने र बाँकी संरचना हटाउने काम भइरहेको आकलन गरिएको छ । शनिबार राति ट्रम्पले इरानबारे अन्तिम निर्णय गरिसकेको हो कि होइन भन्ने प्रश्नमा स्पष्ट जवाफ दिन अस्वीकार गर्नुभएको थियो । फ्लोरिडातर्फ जाँदै गर्दा पत्रकारहरूसँग कुरा गर्दै उहाँले अमेरिकी कारबाही रोकिएमा तेहरानलाई प्रोत्साहन मिल्छ कि भन्ने प्रश्नलाई टार्नुभयो ।

इरानलाई कुनै पनि हालतमा आणविक हतियार प्राप्त गर्न नदिने उद्देश्यले ‘सन्तोषजनक’ सम्झौताका लागि वार्ता आवश्यक रहेको ट्रम्पको भनाइ छ । “उनीहरू हामीसँग कुरा गरिरहेका छन् र हामी गम्भीरतापूर्वक छलफल गरिरहेका छौँ”, उहाँले भन्नुभयो ।यसैबीच, इरानका एक वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानीले शनिबार राति सामाजिक सञ्जाल एक्समा वार्ताका लागि संरचनात्मक व्यवस्था अघि बढिरहेको उल्लेख गर्नुभएको छ । तर सर्वोच्च नेता खामेनीले बारम्बार अस्वीकार गरिरहनुभएको प्रत्यक्ष वार्ताबारे अहिलेसम्म कुनै सार्वजनिक सङ्केत देखिएको छैन ।

# प्रदेशस्तरीय ब्याटमिन्टन प्रतियोगितामा चौहान र सौडेल विजयी

बेलबारी । बेलबारीमा आइतबार सम्पन्न स्वर्गीय ‘बलबहादुर मगर स्मृति’ प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगितामा मेन्स डबल्स ‘बी’ लेभलतर्फ टेक चौहान र रविन सौडेन विजयी भएका छन् । बेलबारी-११ लक्ष्मीमार्गस्थित कवर्डहलमा आज सम्पन्न प्रतियोगितामा विभिन्न पाँच विधामा प्रतिस्पर्धीहरुले पुरस्कार हात पारे ।विजयी चौहान र सौडेलले नगद रु ४१ हजार हात पारे । साथै भेट्रान (४५ वर्षभन्दा माथि) तर्फ श्रवण चौधरी र नारायण श्रेष्ठ विजेता बन्दै रु २५ हजार प्राप्त गरे भने अन्तर सदस्यतर्फ विकास श्रेष्ठ र रमेश राईले जित्दै रु १५ हजार प्राप्त गरे ।



महिला डबलतर्फका विजेता सृष्टि राई र राजी राईले रु २५ हजार र यु १५ पुरुष सिङ्गलतर्फका विजेता अदिप मगरले रु १० हजार प्राप्त गरे । उत्कृष्ट खेलाडीमा प्रज्ञान ढकाल र उदयमान खेलाडीमा पुरुषतर्फ सागर चौधरी र महिलातर्फ सविज्ञा दाहाल घोषित भए । विजेता टिमलाई नगरपालिका प्रमुख दिलप्रसाद राईले नगदसहित शिल्ड, पदक र प्रमाणपत्र प्राप्त वितरण गर्नुभएको थियो ।

प्रतियोगितामा प्रदेशका १४ वटै जिल्लाबाट १०८ टिमको सहभागिता थियो । डाँगीहाट ब्याटमिन्टन क्लबको आयोजनामा शुक्रबारदेखि सुरु भएको स्वर्गीय बलबहादुर मगर स्मृति कोशी प्रदेशस्तरीय प्रतियोगिता माघ १७ गतेसम्म सञ्चालन हुने भनिए पनि समय अभावका कारण १८ गते मात्र सकिएको आयोजक समितिका अध्यक्ष हरिकुमार पाण्डेले बताउनुभयो ।रासस

# ‘आहा-रारा कप’ को तयारी पूरा

कास्की । ‘आहा-रारा कप’ को तयारी पूरा भएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो ।




प्रतियोगिता यही माघ २७ देखि फागुन ९ गतेसम्म पोखरा रङ्गशालामा सञ्चालन हुनेछ । सहारा क्लबको आयोजनामा हुने उक्त प्रतियोगितामा विदेशका चार र स्वदेशी आठ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा नेपाल पुलिस क्लब, एपिएफ नेपाल क्लब, मच्छिन्द्र फुटबल क्लब, जावलाखेल युथ क्लब, चर्च ब्वाइज युनाइटेड, मनाङ-मर्स्याङ्दी क्लब, प्लानिङ ब्वाइज युनाइटेड, सहारा क्लब पोखरालगायत सहभागी हुनेछन् ।

यसैगरी, भारतबाट थन्डरबोल्ट युनाइटेड (सिक्किम) सहित दुई समूह तथा उज्वेकिस्तानको आभा फुटबल क्लब र हङकङको गोर्खा इन्टरनेशनल फुटबल क्लब सहभागी हुने सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिनुभयो ।क्लबले पुरस्कार राशिमा वृद्धि गरेको उहाँले बताउनुभयो । प्रतियोगिताको विजयी टोलीलाई रु १४ लाख एक हजार, उपविजेतालाई रु सात लाख एक हजार प्रदान गरिनेछ ।रासस

# टर्मिनल व्यवस्थापनको बिषयमा विवादपछि हडतालका कारण बन्दरगाह सेवा प्रभावित

एएफपी

चटगाउँ । बङ्गलादेशको मुख्य चट्टोग्राम बन्दरगाहमा आइतबार कामदारहरूको हडतालका कारण सेवा प्रभावित भएको छ । संयुक्त अरब इमिरेट्समा रहेको लजिस्टिक कम्पनीमा यसको एक कन्टेनर टर्मिनल स्थानान्तरण गर्ने बिषयमा विवाद हुँदा कामदारहरू आन्दोलित भएका हुन् । हडतालका कारण बन्दरगाहबाट हुने आपूर्ति र निर्यातका गतिविधि पूभावित भएका थिए ।

जहाज व्यवस्थापक र टर्मिनल सञ्चालकहरूको प्रतिनिधित्व गर्ने एफबिसिसिआईका अध्यक्ष फजले एकराम चौधरीले बन्दरगाहको सेवा क्षमतामा ४० प्रतिशतले प्रभाव परेको बताउनुभयो । पहिले चटगाउँ भनेर चिनिने र बङ्गालको खाडीमा रणनीतिक रूपमा अवस्थित चट्टोग्राम बन्दरगाहको विदेशी स्वामित्वको विरोधको यो पछिल्लो चरण हो।विश्वको दोस्रो ठूलो कपडा निर्यातकर्ता बङ्गलादेश आफ्नो अधिकांश आयात र निर्यातका लागि बन्दरगाहमा निर्भर छ।

बङ्गलादेशको उच्च अदालतले गत हप्ता ‘चट्टोग्राम पोर्ट अथोरिटी’ र युएईस्थित ‘डीपी वर्ल्ड’बीचको बन्दरगाहको ‘न्यू मुरिङ कन्टेनर टर्मिनल’ सञ्चालनको ठेक्का कानुनी भएको फैसला गरेपछि हडतालको आह्वान गरिएको थियो।आइतबार कार्गो र कन्टेनरमा सामान



राख्ने र झार्ने काम लगभग ठप्प भएको थियो र कार्गो ढुवानी पनि रोकिएको थियो।चट्टोग्राम पोर्ट अथोरिटीका प्रवक्ता उमर फारुकले टिप्पणीको लागि गरिएको अनुरोध स्वीकार्नुभएन, यद्यपि अन्य बन्दरगाह अधिकारीहरूले कि राजस्व क्षतिको आकलन गर्न र हडतालका लागि जिम्मेवार व्यक्तिहरूको पहिचान गर्न एक समिति गठन गरिएको बताए ।

प्रहरीले बन्दरगाह वरपरका सबै सभा, ऱ्याली र भेलामा पनि प्रतिबन्ध लगाएको छ ।उच्च अदालतको निर्णयले एनसिटीको लागि सन् २००७ मा डिपी वर्ल्डसँग शुरू भएको २५ वर्षको लिज सम्झौतामा कानुनी अवरोधहरू हटाएको थियो ।प्रमुख राजनीतिक दलसँग जोडिएका केही श्रमिक सङ्गठनहरूले सोमबार पनि हडताल जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।

# आयरल्यान्डसँग थाइल्यान्ड पराजित

कीर्तिपुर । आईसिसी महिला टी(२०) विश्वकप ग्लोबल छनोट प्रतियोगिता अन्तर्गत आइतबार त्रिभुवन विश्वविद्यालय क्रिकेट रङ्गशालामा सम्पन्न सुपर सिक्स चरणको खेलमा आयरल्यान्डले थाइल्यान्डमाथि ६२ रनको जित हासिल गर्दै छनोट प्रतियोगिता टुङ्ग्याएको छ ।

टस जितेर ब्याटिङ रोजेको आयरल्यान्डले २० ओभरमा आठ विकेट गुमाउँदै १२१ रनको मध्यम योगफल बनाएको थियो । त्यसमा गाबी लेउसले २५ तथा एमी हन्टर र ओर्ला पेन्डरगस्टले २४/२४ रनको योगदान गरेका थिए । प्रति ओभर करिब छ को आवश्यक रन रेटसहित ब्याटिङमा उत्रिएको थाइल्यान्डले छ दशमलव एक ओभरमा सबै विकेट गुमाएर मात्र ५९ रन बटुल्न सक्यो ।

कप्तान नारुमोल चाइवाइले २२ रन र नान्नपत कोन्चारनले १५ बनाउनु बाहेक कुनै पनि थाइ ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् भने चार जना ब्याटर शून्यमा आउट भए । थाइल्यान्डलाई सस्तैमा समेटन आयरल्यान्डकी आर्लेन केलीले चार र लारा म्याक ब्राइडले तीन विकेट लिइन । आयरल्यान्ड आइतबारको खेलअघि नै विश्व कपमा छनोट भइसकेको हो ।रासस

# देशकै महत्वपूर्ण शैक्षिक प्रतियोगिता 'ग्लोबल म्याथ डिबेट लिग'

**टुडे समाचारदाता**

काठमाण्डु ।गणितीय तर्कलाई सोच्ने र बहस गर्ने क्षमतासँग जोड्ने उद्देश्यले सञ्चालन हुँदै आएको ग्लोबल म्याथ डिबेट लिग (जिएमडिएल) ले सन् २०२६ का लागि क्षेत्रीय तथा राष्ट्रिय चरणका कार्यक्रमहरु सार्वजनिक गरेको छ । विद्यालय तहका विद्यार्थीहरूमा आलोचनात्मक सोच, प्रभावकारी अभिव्यक्ति र समूहमा मिलेर समस्या समाधान गर्ने क्षमता विकास गर्ने लक्ष्यसहित यो लिग देशकै महत्वपूर्ण शैक्षिक प्रतियोगिताका रूपमा अघि बढिरहेको छ।



फेब्रुअरी २०२६ भरि देशका पाँच स्थानमा क्षेत्रीय प्रतियोगिता आयोजना गरिनेछ, जसमा विभिन्न क्षेत्रका विद्यालयहरूको सहभागिता रहनेछ । क्षेत्रीय प्रतियोगिताको सुरुआत झापामा फेब्रुअरी ४ र ५ मा हुनेछ। त्यसपछि चितवनमा फेब्रुअरी ७ र ८, बुटवल-भैरहवामा फेब्रुअरी १० र ११ तथा पोखरामा फेब्रुअरी १३ र १४ मा प्रतियोगिता हुनेछ। अन्तिम क्षेत्रीय चरण काठमाडौंमा फेब्रुअरी १६ र १७ मा आयोजना गरिनेछ।क्षेत्रीय चरणबाट छनोट भएका उत्कृष्ट टोलीहरूको सहभागितामा राष्ट्रिय प्रतियोगिता फेब्रुअरी २१ र २२, २०२६ मा काठमाडौंमा सम्पन्न हुनेछ।

जिएमडिएलका सह-संस्थापक दिवेश बथिजाले भने, "हामी गणितलाई केवल रटेर सिक्ने विषय होइन, बहस गर्ने, तर्क गर्ने र वास्तविक जीवनका समस्यामा प्रयोग गर्न सकिने विषयका रूपमा विकास गर्दैछौं। नेपालका पाँच क्षेत्रमा आयोजना हुने प्रतियोगिता र बलिया साझेदारीमार्फत हामी विश्व मञ्चमा प्रतिस्पर्धा गर्न सक्ने सोचयुक्त विद्यार्थीहरूको नयाँ पुस्ता तयार गरिरहेका छौं।"

यस संस्करणमा विभिन्न शैक्षिक तथा संस्थागत साझेदार हरूको सक्रिय सहकार्य रहेको छ। ज्ञान र शिक्षण सामग्रीका लागि विश्वभर परिचित ब्रिटानिका इंक अनुसन्धान तथा सीप प्रविधि साझेदारको रूपमा जिएमडिएलसँग जोडिएको छ । यस सहकार्यले लिगलाई विश्वसनीय सामग्री, गहिरो अनुसन्धान र भविष्यका लागि आवश्यक सीपहरूमा अझ सुदृढ बनाएको छ। त्यस्तै, दुबईस्थित एजुकेस र ल्याब अफ फ्युचरले पनि आफ्नो अनुभव र सहयोगमार्फत लिगको सफलतामा योगदान दिइरहेका छन्।

क्षेत्रीय स्तरमा पनि सहकार्यले लिगको पहुँच विस्तार गरेको छ। झापामा आयोजना हुने प्रतियोगिता आस्था कलेजको सहकार्यमा हुनेछ । बुटवल-भैरहवामा लुम्बिनी वर्ल्ड स्कूलसँग मिलेर प्रतियोगिता आयोजना गरिनेछ भने पोखरामा कुमुदिनी होम्स स्कूलले सह-आयोजकको भूमिका निर्वाह गर्नेछ, जसले गण्डकी प्रदेशमा लिगको प्रभाव बढाउने अपेक्षा गरिएको छ।

प्रतियोगिताका दिनमा सहभागी र आयोजक टोलीका लागि फुड पार्टनरका रूपमा फुडमान्डुले खानाको व्यवस्था गर्नेछ। त्यसैगरी, टिबिजी नेपाल (द बियोन्ड ग्रुप नेपाल) ले पर्याक्सन प्रायोजकका रूपमा यस पहललाई समर्थन गर्दै शिक्षा र युवा विकासप्रति आफ्नो प्रतिबद्धता जनाएको छ।

देशभरका विद्यालयहरूको सहभागिता र साझेदारहरूको बलियो सहयोगका कारण ग्लोबल म्याथ डिबेट लिगले गणितलाई हेर्ने दृष्टिकोणमा नयाँ परिवर्तन ल्याइरहेको छ । यसले गणितलाई केवल पाठ्यपुस्तकमा सीमित विषय नभई बहस, तर्क र व्यवहारिक प्रयोगसँग जोडिएको जीवन्त सिकाइको माध्यमका रूपमा स्थापित गरिरहेको छ।

जिएमडिएलको २०२६ संस्करण नेपाली शैक्षिक क्षेत्रमा एक महत्वपूर्ण अवसरका रूपमा देखिएको छ । यसले विद्यार्थीहरूलाई गणितमार्फत सोच्ने, तर्क गर्ने र आत्मविश्वासका साथ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत हुन प्रेरित गर्ने अपेक्षा गरिएको छ।

# तल्लो सेती जलविद्युत् आयोजना: पहुँच सडक निर्माण सुरु

दमौली । तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको १२६ मेगावाट क्षमताको तल्लो सेती जलविद्युत् आयोजनाको पहुँच सडक निर्माण सुरु गर्न लागिएको छ। एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको लिमिटेडले यहाँबाट खेरजान पानीको सदुपयोग गर्दै तल्लो सेती जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अगाडि बढाएको हो।

त्यसका लागि निर्माण व्यवसायीले आयोजनाको पहुँच सडक निर्माण तथा कार्यालय स्थापना सुरु गरेको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाबाट प्राप्त हुने नियन्त्रित र मादी नदीबाट प्राप्त हुन थप पानी प्रवाहलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो । तल्लो सेती जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेको छ। आयोजनाको जग्गा अधिग्रहण प्रक्रियासमेत अगाडि बढिसकेको छ । आयोजनाका विभिन्न संरचनाका लागि आवश्यकपर्ने निजी जग्गा अधिग्रहणका प्रक्रिया अगाडि बढाउन प्रस्ताव स्वीकृतिका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेस गरिएको जनाइएको छ।



आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ। पानीको प्रवाहलाई देवघाट-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब ५०० मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ । आयोजनाबाट बन्दीपुर-६, व्यास नगरपालिका-१३, १४, देवघाट गाउँपालिका-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी गाउँपालिका-५ र ६, भरतपुर महानगरपालिका-२९ का केही भाग प्रभावित हुनेछन्।

देवघाट-४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिनेछ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किलोमिटर प्रसारण लाइनको निर्माण गर्नुपर्छ। अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किलोमिटर लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुने छ। आयोजनाबाट वार्षिक रुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुनेछ। आयोजनाको अनुमानित लागि रु २५ अर्ब रहेको छ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ। साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी कागजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।रासस

# मौलिक परिकारको प्रवर्द्धन गर्न रैथाने महोत्सव



झापा। मेचीनगर-१० स्थित धुलाबारीमा मौलिक खानाको प्रवर्द्धन र जगेर्ना गर्ने उद्देश्यले तीन दिवसीय रैथाने स्वाद तथा सांस्कृतिक महोत्सव सञ्चालन भएको छ।

नन्दा करिडर प्रवर्द्धन केन्द्रको आयोजनामा यही माघ १५ गतेदेखि सुरु भएको उक्त महोत्सवमा ३० हजारभन्दा बढी अवलोकनकर्ताले स्थानीय समुदायको रैथाने परिकारको स्वाद चाखेको आयोजक समितिका अध्यक्ष धमेन्द्र खड्काले बताउनुभयो। पर्यटकीय महत्वको नन्दा करिडरमा सञ्चालन भएको महोत्सवमा नेवार, राई, धिमाल, दनुवार, किसान र मेचे समुदायका परम्परागत तथा रैथाने खानाका परिकार र सांस्कृतिक झाँकीहरू प्रदर्शनी गरिएका थिए।

विभिन्न जातजातिको मौलिक पहिचान, संस्कार र संस्कृति झल्काउने चित्रकलासमेत उत्सवमा प्रदर्शन गरिएको तथा महोत्सवलाई मेचीनगर नगरपालिका र पर्यटन कार्यालय काँकरभिट्टाले सहयोग गरेको उहाँले जानकारी दिनुभयो। हरेक वर्ष उक्त स्थानमा रैथाने खानाको संरक्षण, प्रचार र जगेर्ना गर्ने उद्देश्यले महोत्सव आयोजना गरिँदै आएको छ। पर्यटकीय पूर्वाधार मेचीनगरमा सयौँ जातजातिको बसोबास छ। रैथाने खानाको महोत्सवले मौलिक पहिचान र परम्परालाई संवर्द्धन गर्न मद्दत पुगेको मेचीनगर नगरपालिकाका प्रमुख गोपाल बुढाथोकीले बताउनुभयो।

पर्यटन कार्यालय काँकरभिट्टाका प्रमुख छविलाल खतिवडाले महोत्सवले पर्यटकीय चहलपहल बढाएको र नयाँ पुस्तालाई आफ्नो परम्परागत खानपानसँग परिचित गराउने अवसर प्रदान गरेको बताउनुभयो। मेचीनगरमा पहाडी र तराई मूलका सयौँ जातजातिको मिश्रित बसोबास छ। आदिवासी जनजाति मेचे समुदायको ऐतिहासिक बसोबास रहेको मेचीनगरमा धिमाल, दनुवार, राजवंशी, सन्थाल र किसानजस्ता अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको ठूलो हिस्साको बसोबास छ।

महोत्वसमा स्थानीय प्रमुख रैथाने परिकारहरू घोँगी, भक्का, योमरी, छोयला, कचिला, किनेमा, सेलरोटी, पेलका, माछाका परिकार, गँगटा, कन्दमूलका परिकार, ढिँडो, गुन्द्रुक, कोदोको रोटीलगायत विभिन्न परिकार बिक्रीका लागि कक्षमा राखिएका थिए ।रासस

# माछापालनबाट मनग्य आम्दानी गर्दै कृषक चौधरी

कैलाली । यहाँको कैलारी गाउँपालिका-५ गोबरेलाका किसान सनोज चौधरीले माछापालन व्यवसायबाट एकयाममा रु दुई लाख ५० हजार बचत गर्दै आउनुभएको छ। करिब दश कट्ठा क्षेत्रफलमा व्यावसायिक रूपमा माछापालन व्यवसाय गर्दै आउनुभएका उहाँले एकयाममा रु १३ लाख बराबरको माछा बिक्री हुने जानकारी दिनुभयो । उहाँका अनुसार सबै खर्च कटाएर रु दुई लाख ५० हजार बचत हुन्छ।



खेतीकिसानीसँगै केही नयाँ काम गरौँ भन्ने योजनाले माछापालन व्यवसाय सुरु गरेको चौधरीले बताउँनुभयो। "व्यवसायको सुरुवातमा कामको कुनै अनुभव थिएन । व्यवसायमा नयाँ थिएँ, त्यसैले सुरुका वर्षमा पोखरीमा माछा मरेर क्षति व्यहोर्नु परेको थियो", उहाँले भन्नुभयो, "पछि विस्तारै व्यवसायप्रति अनुभव बटुल्दै गएपछि अहिले मनग्य आम्दानी हुँदै गएको छ, जीविकोपार्जनका लागि कुनै समस्या छैन।"

चौधरीका अनुसार अहिले पोखरीमा पङ्गासेस, कमन कार्प, ग्रास, रहुँ जातका माछा छन्। माछा होलसेलमा प्रतिकिलो रु २५० र फुटकरमा प्रतिकिलो ३०० मा बिक्री हुने उहाँले जानकारी दिनुभयो । माछा बिक्रीका लागि बजारको समस्या नभए पनि अवैध रूपमा भारतीय माछा भित्रिने गरेकाले बिक्री दरमा वृद्धि हुन नसकेको चौधरीले गुनासो गर्नुभयो। भारतबाट आयात भएका माछाको मूल्य होलसेलमा प्रतिकिलो रु २२० र फुटकरमा प्रतिकिलो २८० मा बिक्री हुने भएकाले स्थानीय उत्पादनको बिक्रीमा केही कठिनाइ हुने उहाँको अनुभव छ।

उत्पादित माछा धनगढी, टीकापुर र केही स्थानीय बजारमा बिक्री हुने चौधरीले बताउनुभयो । माछापालनका लागि सुरुमा पोखरी निर्माण गर्दा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट रु १० हजार प्रतिकट्ठाका दरले रु एक लाख तथा कैलारी गाउँपालिकाबाट रु ५० हजार बराबरको बोरिङसहित पानी तान्ने मोटर र जाल अनुदानमा प्राप्त भएपछि व्यवसाय सञ्चालनमा सहज भएको व्यवसायी चौधरीले जानकारी दिनुभयो।

पछिल्लो समय भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तथा स्थानीय सरकारले व्यावसायिक कृषिमा आवद्ध हुन चाहने किसानलाई अनुदान सहयोग गर्न थालेपछि गोबरेलामा व्यावसायिक रूपमा माछापालन गर्ने किसानको सङ्ख्या बढ्दै गएको केन्द्रले जनाएको छ।रासस

# दन्तकाली मन्दिर श्रद्धालुको आस्थाको केन्द्र

धरान। धरान उपमहानगरपालिका-१४ स्थित विजयपुर क्षेत्रमा रहेको पौराणिक धार्मिकस्थल दन्तकाली मन्दिर श्रद्धालुको आस्थाको केन्द्र बन्दै गएको छ। इटहरी उपमहानगरपालिका-७ की रञ्जिता बस्नेतले हरेक वर्ष स्वस्थानी व्रत बस्दै आएको बताउनुभयो । स्वस्थानी व्रतको समयमा दुई पटक दन्तकाली मन्दिरमा पूजा गर्न आउने गरेकी उहाँको भनाइ छ।

दन्तकाली मन्दिरमा शुद्ध मनले मागेका र चिताएका कुरा पूरा हुँने विश्वास रहीआएको छ। धरान उपमहानगरपालिका-१४ विजयपुरमा अवस्थित पौराणिक महत्व बोकेको दन्तकाली मन्दिरमा हाल दैनिक रूपमा दर्शनार्थीको घुइँचो लाग्ने गरेको मन्दिरका मूलपुजारी विश्वराज खनालले जानकारी दिनुभयो। उहाँका अनुसार पौष शुक्ल पूर्णिमादेखि सुरु भई एक महिनासम्म चल्ने स्वस्थानी व्रतका कारण यस अवधिमा भक्तजनको उल्लेख्य घुइँचो लाग्ने गर्दछ।

दन्तकाली मन्दिर पुगेपछि वरपरका अन्य मन्दिरको पनि दर्शन गर्न पाइने भएकाले श्रद्धालुको आकर्षण बढ्दै गएको उहाँको भनाइ छ । स्वस्थानी सुरु भएपछि बिहानैदेखि पूजा गर्न आउने भक्तजनको सङ्ख्या बढेको पुजारी खनालले भन्नुभयो । धरान उपमहानगरपीलका-१५ की गोमा भट्टराईले फुर्सद हुँनासाथ दन्तकाली मन्दिर पुग्ने गरेको बताउनुभयो।



विराटनगरबाट दन्तकाली मन्दिरमा पूजा गर्न आउनुभएका सुरेश खत्री र उहाँकी श्रीमती सुनिताले पनि स्वस्थानी व्रतको अवसरमा मन्दिरमा दर्शन गर्न आएको जानकारी दिनुभयो। स्वस्थानी व्रतकथाअनुसार दक्ष प्रजापतिकी छोरी सतीदेवीले पति महादेवको निन्दा सहन नसकी यज्ञकुण्डमा हामफालेर प्राण त्याग गरेपछि महादेव शोकाकुल भई सतीदेवीको शव काँधमा बोकेर भौँतारिँदा शरीरका अङ्ग जहाँ-जहाँ पतन भए, त्यहाँ शक्तिपीठ स्थापना भएको विश्वास छ । यही क्रममा विजयपुर पर्वतखण्डमा सतीदेवीको दाँत पतन भएकाले उक्त स्थान दन्तकालीका नामले प्रसिद्ध भएको व्रतकथामा उल्लेख छ।

पौराणिक कथामा उल्लेखित शक्तिपीठ भएकाले दन्तकाली मन्दिरको धार्मिक महत्व विशेष रहेको स्थानीय बूढापाकाको भनाइ छ। रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८२/१०/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७९/०४/२३ गते प्रा.फ.र.नं. ९८३८/६३/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय जलेश्वरमा मिति २०७९/०४/२३ मा स्थायी लेखा नम्बर (PAN) १३३५५४५८२ अन्तर्गत दर्ता कायम भएको **आयान ट्रेडर्स** ।

**प्रोप्राइटर : समसुल राईन**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. सबदुल राईनको नाति, लतिफ राईनको छोरा, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **समसुल राईन** (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) । | २. लतिफ राईनको बुहारी, समसुल राईनको पत्नी, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **सिमा खातुन** (ना.प्र.नं. १८-१-०५९/२५८, जारि मिति २०६८/०१/१२, जि.प्र.का. महोत्तरी) । |

**धितोको विवरण**

१. समसुल राईन (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ स्थित कि.नं. ८३३ को क्षेत्रफल ०-३-१५-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. आयान ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/०४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/०५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# देशमा कार्यकारी राष्ट्रपति आवश्यक : उपेन्द्र यादव

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवं प्रतिनिधि सभा सदस्य सप्तरी ३ का उम्मेदवार उपेन्द्र यादवले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीबाट मात्रै देशमा स्थिर शासन स्थापित गर्न सक्ने बताएका छन् ।



आइतबार चुनावी अभियानको क्रममा उनले जनताद्धारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जवाफदेही शासन व्यवस्था स्थापित गर्न सक्ने भएकाले जसपा नेपाल प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली र समानुपातिक समावेशी प्रतिनिधित्वमा आधारित संसदीय संरचनाको पक्षमा अडिग रहेको बताए ।

चुनाव प्रचारप्रसारमा निरन्तर खटिरहेएका अध्यक्ष यादवले भने, 'बारम्बार सरकार फेरिने, मन्त्रीहरू बदलिने र नीति तथा योजना अलपत्र पर्ने अवस्था अब सह्य छैन । देशलाई स्थिर, जवाफदेही र जनउत्तरदायी शासन प्रणालीको खाँचो छ। त्यसका लागि जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली अपरिहार्य भइसकेको छ।'

संसदीय अभ्यासमा गठबन्धन सरकारहरूको अस्थिरताले विकास निर्माण, सुशासन र आर्थिक सुधारलाई गम्भीर असर पारेको छ । पाँच वर्षे कार्यकाल पूरा गर्न नसक्ने सरकारहरू, सत्ताको जोडघटाउमा अल्भिने राजनीति र नीतिगत निरन्तरताको अभावकै कारण जनतामा गहिरो निराशा बढेको उनले जिकिर गरे ।

उनले भने, 'प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीले शासनलाई स्थिर बनाउने मात्र होइन, जनताप्रति प्रत्यक्ष उत्तरदायी पनि बनाउछ । राष्ट्रपति जनताले सिधै चुन्ने भएपछि शक्तिको स्रोत पार्टी होइन, जनता नै हुन्छन् । जनताले चुनेको राष्ट्रपतिको पहिलो उत्तरदायित्व जनताप्रति हुन्छ, सरकार टिकाउन सत्ता-सम्भौताप्रति होइन ।'

जसपा नेपालले प्रस्ताव गरेको प्रणालीमा संसद् पूर्ण रूपमा समानुपातिक र समावेशी प्रतिनिधित्वमा आधारित हुने, यसले गर्दा मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, मुस्लिम, पिछडिएको क्षेत्र तथा सीमान्तकृत समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने उनले विश्वास व्यक्त गरे ।

शासन व्यवस्थाकै त्रुटिले गर्दा विगतमा दर्जनौं सरकार परिवर्तन भएको स्मरण गर्दै उनले भने, 'तीमध्ये धेरै सरकारले एक वर्ष पनि पूरा गर्न नसकेको धेरै उदाहरण छन्, यसले अर्थतन्त्र, लगानीको वातावरण र प्रशासनिक स्थायित्वमा नकारात्मक प्रभाव पारेको छ । नीति बन्यो, सरकार फेरियो, त्यही नीति अलपत्र पऱ्यो । यही चक्र दोहोरिँदा जनताले के पाए ?'

## तीन तहमा सुरक्षा परिचालन

# मधेशमा ५० हजार बढी सुरक्षाकर्मी परिचालनको योजना

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन अन्तर्गत मधेश प्रदेशका लागि कुल दुई हजार १६० मतदानस्थलमध्ये एक हजार २४६ मतदानस्थल अति संवेदनशील छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार भारतीय सीमासँग जोडिएका अधिकांश मतदानस्थल अतिसंवेदनशीलमा वर्गीकरण गरिएका छन् ।

त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध काम भइरहेको मधेश प्रदेश प्रहरी कार्यालयले अघि बढाइरहेको जनाइएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन मधेस प्रदेशभरि भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी गोविन्द थपालियाले जानकारी दिएका छन् ।

उनका अनुसार प्रदेशभरि तीन तहको सुरक्षा परिचालन गरिनुका साथै अति संवेदनशील मतदानस्थलमा ड्रोन र सीसी क्यामेरामार्फत निगरानीको व्यवस्था गरिएको छ । मतदाताको चाप, निर्वाचन क्षेत्रको सामाजिक-सांस्कृतिक परिवेश, विगतका घटनाक्रम, भौगोलिक अवस्था, राजनीतिक गतिविधि लगायतका आधारमा वर्गीकरण गरिएका मतदानस्थलहरुको अनुसार सुरक्षा योजना तयार पारिएको उनले भने ।



प्रहरीको सांकेतिक फोटो

डिआईजी थपालियाले खुला सीमानाका कारण हातहतियार भित्रियाउन सकिने, अपराध गरेर यताको मान्छे उता जान सक्ने, उताको मान्छे घुसपैठ हुन सक्ने र विगतका घटनाक्रमले मधेस प्रदेशमा निर्वाचन व्यवस्थापन लगायतका चुनौती रहेको छ, त्यसलाई व्यवस्थापन गर्नेगरी हामीले सुरक्षा योजना तयार पारेको बताए ।

उनले भने हामीले अति संवेदनशील मतदान स्थलहरुमा प्रहरी निगरानी बढाईसकेका छौ, हाल सादा पोशाकमा हाल भइरहेको गतिविधि बारे सूचना संकलनका लागि प्रहरी खटाइसकेका छौं र अन्य सुरक्षा सम्बन्धी व्यवस्थापकीय कार्य जारी रहेको छ ।

प्रदेशका आठ जिल्लामा कुल २,१६० मतदानस्थल र ४,४७१ मतदान केन्द्र रहेका छन् । तीमध्ये ५७ प्रतिशत अर्थात् १ हजार २३७ मतदानस्थल र २ हजार ६१३ मतदान केन्द्र अति संवेदनशील सूचीमा रहेको छ भने ७६३ मतदानस्थल र १ हजार ५५४ मतदान केन्द्र संवेदनशील तथा १६० मतदानस्थल र ३०४ मतदान केन्द्र सामान्य श्रेणीमा वर्गीकरण गरिएको र सोहीअनुसार सुरक्षा योजना संचालन गरिएको उनको भनाई छ ।

प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमला थापाले जनाए अनुसार सुरक्षाको दृष्टिकोणले सप्तरी जिल्लाका मतदान केन्द्र सबैभन्दा बढी 'रेड जोन' मा रहेका छन् । सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदानस्थल अति संवेदनशील सूचीमा रहेको छ भने सिरहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ र बाराका १५४ मतदानस्थल अति संवेदनशील सूचीमा रहेको छ । सर्लाहीमा सबैभन्दा बढी १३१ मतदानस्थल संवेदनशील सूचीमा रहेका छन् । सुरक्षा चुनौती भएका मतदानस्थलमा विशेष रणनीति तयार पारिएको उनको भनाई छ । सुरक्षाका तीनवटै निकायबाट गरी मधेसमा ५० हजारभन्दा बढी संयुक्त सुरक्षा फौज खटाइने डीआईजी थपलियाले जनाए। नेपाल प्रहरी र निर्वाचन प्रहरीबाट करिब ४० हजार, सशस्त्र प्रहरी बलबाट १० हजार र यसका अतिरिक्त नेपाली सेनासमेत परिचालन गरिने भएको छ ।

निष्पक्ष, धाँधली रहित र सहज वातावरणमा निर्वाचन सम्पन्न गराउन प्रदेशभरि १२ हजार ६ सय  नेपाल प्रहरी र २८ हजार २९५ निर्वाचन प्रहरी (म्यादी प्रहरी) र सशस्त्र सुरक्षा बल समेत परिचालन गरिने जानकारी दिए । सुरक्षा घेरामा सशस्त्र प्रहरी सँगै नेपाली सेनाको समेत सक्रिय सहभागिता रहने उनको भनाई छ ।

बर्दिबासस्थित सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालयका डीआईजी कृष्ण ढकालले प्रतिनिधि सभा निर्वाचनका लागि प्रदेशका आठै जिल्लामा ४ हजार ३३६ सशस्त्र प्रहरी र २ हजार ८३२ निर्वाचन प्रहरी तयारी अवस्थामा राखिएको छ । सशस्त्र प्रहरीले निर्वाचनलाई लक्षित गर्दै मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मोबाइल टोली र रिजर्भ फोर्समार्फत जनशक्ति परिचालन गरिसकेको जनाइएको छ ।

# लागू औषधसहित दुई भारतीय पक्राउ

**टुडे समाचारदाता**

रौतहट । नेपाल-भारत सीमा क्षेत्रमा फेरि एकपटक ठूलो परिमाणमा लागू औषध बरामद गरेको छ। भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नेपालतर्फ ल्याउँदै गरिएको भण्डै डेढ लाख प्रतिबन्धित नशालु ट्याब्लेटसहित दुई जनालाई पक्राउ गरेको छ।

एसएसबी ७१ औँ बटालियनको अठमोहनस्थित इन्टेलिजेन्स युनिटबाट प्राप्त विशेष सूचनाका आधारमा सुरक्षा सतर्कता बढाइएको थियो। सूचनाअनुसार भारतको पूर्वी चम्पारण क्षेत्रबाट नेपाल भित्र्याउन ठूलो परिमाणमा लागू औषध पठाइएको थियो। तस्करहरूले ढाका (पूर्वी चम्पारण) देखि भरोखरसम्म इलेक्ट्रिक अटो रिक्सा प्रयोग गरेका थिए भने सुरक्षाकर्मीको निगरानी छल्न 'लाइनर' समेत परिचालन गरिएको खुलेको छ।

सूचना पाएलगत्तै एसएसबीले भरोखर प्रहरीसँग समन्वय गर्दै संयुक्त अपरेशन अघि बढाएको थियो । कमाण्डेन्टको निर्देशनमा एफ कम्पनी जमुनिया र स्थानीय प्रहरी टोली परिचालन गरिएको थियो ।



शनिबार साँभ करिब ५:३० बजे, भारततर्फको बीपी सीमास्तम्भ नम्बर ३५७/०२ नजिक अमवा गाउँ क्षेत्रमा शंकास्पद इलेक्ट्रिक अटो रिक्सा विआर ०५ आर ए ४४८१ रोकेर जाँच गर्दा ठूलो परिमाणमा प्रतिबन्धित औषधि फेला पारेको थियो ।

चेकजाँचका क्रममा पाँच कार्टुनमा लुकाएर राखिएको ट्रमाडोल ५० एमजीका ४९५ प्याकेट बरामद गरिएको एसएसबीले जनाएको छ। प्रत्येक प्याकेटमा ३०० ट्याब्लेटका दरले जम्मा १ लाख ४८ हजार ५०० नशालु ट्याब्लेट बरामद भएको हो। प्रारम्भिक अनुसन्धानले ती औषधि नेपालतर्फ तस्करी गर्न लागिएको पुष्टि गरेको छ ।

पक्राउ पर्नेहरू भारत, बिहार राज्य पूर्वी चम्पारण जिल्ला बसतपुर कालोनी निवासी २२ वर्षीय तपस कुमार र सोही स्थानका २२ वर्षीय गुलशन कुमार रहेका छन् । बरामद औषधि र दुवैलाई थप अनुसन्धानका लागि भरोखर प्रहरी चौकीमा बुझाइएको छ ।

यसैबीच, एसएसबी ७१ औं बटालियनकै अर्को कारबाहीमा नेपालबाट भारततर्फ गाँजा तस्करी गर्दै गरेका एक युवक पक्राउ परेका छन् । 'बी' कम्पनी महुवावा र बिहार प्रहरीको संयुक्त गस्ती टोलीले करिब २ केजी गाँजासहित २२ वर्षीय कृष्णा कुमार लाई नियन्त्रणमा लिएको हो ।

उनी भारत, पूर्वी चम्पारण जिल्ला मधुबनजितौरा वडा नं. १५ निवासी हुन्। उनलाई सीमास्तम्भ नम्बर ३७६ नजिक धरहरी गाउँ क्षेत्रबाट पक्राउ गरिएको हो । बरामद गाँजा नेपालबाट भारततर्फ लैजान लागिएको आशंका गरिएको छ। पक्राउ परेका व्यक्ति र बरामद सामानलाई महुवावा प्रहरी चौकीमा बुझाएर थप अनुसन्धान भइरहेको एसएसबी पिपराकोठीका सहायक कमाण्डेन्ट बिश्वजित तिवारीले जनाएको छ।

# जुलीको घरदैलो अभियान तीव्र

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा क्षेत्र नं ३ की प्रतिनिधिसभा सदस्य उम्मेदवार जुली कुमारी महतोले लोकतन्त्रको संरक्षण र देश विकासका लागि नेकपा एमाले एकमात्र विकल्प रहेको बताएकी छन् ।

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै धनुषा क्षेत्र नं ३ अन्तर्गत मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं २ मा आयोजित घरदैलो कार्यक्रममा सम्बोधन गर्दै नेतृ महतोले नेकपा एमालेप्रति फैलाइएका भ्रमलाई चिर्दै क्षेत्रको समग्र विकासका लागि आफूलाई मतदान गर्न आग्रह गरिन् ।




उनले यसअघि यही क्षेत्रबाट निर्वाचित भइसकेको स्मरण गर्दै कार्यकाल पूरा हुनुअघि नै संसद् विघटन भएकाले जनतासँग गरेको धेरै प्रतिबद्धता पूरा गर्न नपाएको बताइन् । क्षेत्रका लागि बजेट विनियोजन गरिए पनि विभिन्न आन्दोलन र राजनीतिक चलखेलका कारण ती योजनाहरू कार्यान्वयन हुन नसकेको उनको भनाइ थियो।

यसपटक विजयी भएपछि विगतमा छुटेका विकासका कामलाई पहिलो प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै नेतृ महतोले आफ्नो सरकारको कार्यकालमा मधेश प्रदेशमा रेल, सडक लगायत पूर्वाधार विकासमा महत्वपूर्ण काम भएको जनतालाई स्मरण गराइन् ।

देश र मधेशको समुन्नत विकासका लागि नेकपा एमाले आवश्यक रहेको उनले जोड दिइन् । घरदैलो कार्यक्रममा एमाले नेतृ प्रतिक्षा तिवारी, समानुपातिक उम्मेदवार चन्देश्वर यादव, समानुपातिक उम्मेदवार मन्जु महतो लगायत अन्य नेताहरूले पनि आ-आफ्नो मन्तव्य राखेका थिए ।

# पार्टी प्रवेशसँगै नेता यादवको चुनावी प्रचार प्रसार



**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभाका धनुषा ४ बाट कांग्रेसका उम्मेदवार महेन्द्र यादवले पार्टी प्रवेशसहित चुनावी प्रचार प्रसार अभियान तिव्र पारेका छन् ।

आइतवार धनुषाको बटेश्वरमा विभिन्न पार्टीका एक दर्जनभन्दा बढी नेता कार्यकर्तालाई नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । चुनावी प्रचार प्रसारमा रहेका नेता यादवले फुलमाला र टीका लगाई ती नेता कार्यकर्ताहरुलाई प्रवेश गराउंदै स्वागत गरेका छन् ।

उनले पार्टी प्रवेश कार्यक्रमसँगै जनताको घर दैलोसम्म मत माग्ने अभियानलाई तिव्र पारेका हुन् । यसका साथै कार्यकर्ता तथा वडा भेलालाई समेत तीव्रता दिएका छन् । आइतवार बटेश्वर गाउँपालिका वडा नम्बर १ सहित विभिन्न वडामा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेका छन् ।

वडा भेलालाई सम्बोधन गर्दै नेता यादवले भने विभिन्न आन्दोलनमा शहादत प्राप्त गरेकाहरुको बलिदानले पाएको संघीयता र लोकतन्त्र अहिले खतरा अवस्थामा रहेकाले यसको रक्षार्थ हुने गरी मतदाताहरुको घरसम्म पुगेर मत मागौं ।

उनले विकासको नारा दिएर नेताहरु यहाँबाट जितेर ठग्दै आएको कुरा कसैसँग लुकेको छैन । तर म कुनै सरकारी पदमा नरहेपनि यस क्षेत्रका लागि कृषितर्फ सिचाईसहित दुधमति नदीको सौन्दर्यकरण तथा विकासको योजना सँगै सडक लगायतका अन्य विकासमा काम गरेको छु भन्ने कुरा मतदाताहरुलाई बुझाउन जरुरी रहेको बताए ।

नेता यादवले भने मतदाता सोझासाझा छन् । तर नेताहरु चलाख छन् । कहिले कुनै विकासको काम यस क्षेत्रमा नगरेपनि दर्जनौ विकासको काम गरेको भनी प्रचार प्रसार गर्ने गरेकाले आफूले गरेको काम जनतालाई बेला अहिले आएको छ ।

# मैथिली भाषाको उत्तर-स्नातक पढाइ हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । काठमाण्डु विश्वविद्यालय अन्तर्गत शिक्षा शास्त्र संकाय, भाषा शिक्षण विभागले मैथिली भाषा शिक्षणमा उत्तर-स्नातकबारे सरोकारवालाहरुसंग परामर्श कार्यक्रम सम्पन्न भएको छ ।

जनकपुरधाममा आइतबार काठमाण्डु विश्वविद्यालयले मैथिली भाषा शिक्षणमा उत्तर-स्नातकबारे सरोकारवालाहरुसंग भएको छलफलको क्रममा डा. भोगेन्द्र भाले मैथिली भाषाको माध्यमबाट शिक्षणतर्फ उत्तर-स्नातक सञ्चालन गरेकोमा प्रशंसा गरे । डा. भाले मैथिली भाषाको आफ्नो लिपी रहे पनि यसको संरक्षणतर्फ गम्भीर नभएको बताए । उनले मैथिली भाषा मुलुकमा नेपाली भाषापछि सबैभन्दा धेरै बोलिने भाषाको रुपमा दोश्रो स्थानमा रहे पनि राज्यको उदासिनताका कारण ओझेलमा पार्ने कार्यप्रति गम्भीर हुनुपर्नेमा जोड दिए ।



त्यस्तै मैथिली भाषाविद् परमेश्वर कापडिले काठमाण्डु विश्वविद्यालयले मैथिली भाषाप्रति लिएको अग्रसरताप्रति आभार व्यक्त गरे । उनले भाषा सबैको मानक रहेको भन्दै मातृभाषासहित सबै भाषालाई अघि बढाउनुपर्ने बताए ।

मैथिली विकास कोषको समन्वयमा भएको उक्त छलफल कार्यक्रममा काठमाण्डु विश्वविद्यालय अन्तर्गत रहेको भाषा शिक्षण संकायका सदस्य अजितमान तामांगले मैथिली भाषा किन, केका लागि र कसरी पढाइने भन्ने बारेमा पनि बृहत्त अध्ययन तथा अध्यापन हुने उनले बताए । यससंगै मातृभाषाको संरक्षण र मैथिली समुदायको बोलीचालीतर्फको विशेष ध्यान दिने हुनाले यसमाथि पनि अध्ययन तथा अनुसन्धानमा जोड उनको भनाइ छ ।

त्यस्तै शिक्षण संकायतर्फका व्यवस्थापक शिवनाथ मैनालीले मैथिली भाषा दुई वर्षको कोर्ष हुने जानकारी दिए । उनले अरु सबैले सबैको भाषा बुझ्न पाउनु पर्ने भएकाले आफ्नो भाषाको बारेमा पनि जान्न बुझ्न र अध्ययन तथा अनुसन्धानका लागि पनि मैथिली भाषाको अध्ययन आवश्यक रहेको बताए ।

उक्त कार्यक्रममा काठमाण्डु विश्वविद्यालयका हिरालाल कापर, कोषका अध्यक्ष जीवनाथ चौधरी, मिथिला नाट्य कला परिषद्का अध्यक्ष सुनिल मल्लिक, शैलेन्द्र मल्लिक, नित्यानन्द मण्डल, मन्दाकिनी कर्णलगायतकाले बोलेका थिए । सो कार्यक्रमको सहजकर्ता काठमाण्डु विश्वविद्यालय अन्तर्गत मैथिली भाषाका फोकल पर्सन धीरेन्द्र प्रेमर्षिले गरेका थिए ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८